# अध्याय : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रारम्भिक युग देखि नै नेपालमा सुकुम्बासी समस्याको सुरुवात भएको पाइन्छ । परम्परागत रूपमा रहेको उत्पादन प्रणाली साथै सामाजिक मूल्य मान्यताहरूलाई अवलम्बन गर्दै समाजका साना तथा तल्ला वर्गहरू तिनै समाजका सम्पन्न र शक्तिशाली वर्गहरूमा अश्रित हुनुलाई आफ्नो भाग्यको फलको रूपमा स्वीकार्दै सुकुम्बासीहरू, समाजका ठूला व्यक्तिहरूका दास-दासी, हरूवा-चरुवा, कमारा-कमारीका रूपमा रही परम्परागत समाजबाट तुच्छ व्यवहारको शिकार हुँदै आएका छन् । नेपालको परिवेश अनुसार पूर्वपश्चिम, उत्तर दक्षिण सवै ठाउँमा सुकुम्बासी बस्ती रहेका छन् । यी सबै सुकुम्बासीहरूको समस्या एउटै प्रकृतिको (गाँस, वाँस, कपास, शिक्षा, स्वास्थ्य, भूमिहीनता आदि) रहेको छ । समाजमा जमिन हुनेहरू सामाजिक, सांस्कृतिक र आर्थिक तवरले माथि रहेका छन् भने गरीब, भूमिहीन किसान, सुकुम्बासी शोषण, अपमान र निष्कष्ट गरिबीको छायाँमुनी बाँच्न बाध्य भएका छन् (भूमि अधिकार, २०६७ पृ. ११) ।

नेपालमा दिनप्रतिदिन जनसंख्या वृद्धि हुनु र जनसंख्या वृद्धिको अनुपातमा खाद्यन्न उत्पादनमा वृद्धि नहुनु तथा देशमा अनेक प्रकारका प्राकृतिक प्रकोप, खेतीमा सन्तुलन गर्न आधुनिक प्रविधिको कमी, दिर्घकालीन कार्यक्रमहरू व्यवस्थित नहुनु जस्ता कारणले दिनप्रतिदिन गरिबी तथा सुकुम्बासीको संख्या बढ्दो रूपमा रहेको छ (गरिबी र भूमि सुधार, २०६७, पृ. ३) । यद्यपि सुकुम्बासी आयोग २०५२ ले सुकुम्बासीहरूलाई नेपाली इतिहासमा दास-दासी, कमारा-कमारी, हरूवा - चरुवा र भूमिहीन कृषक वर्गका रूपमा परिभाषित गरेको छ ।

सुकुम्बासी शब्दको उत्पत्ती सुगौलि सन्धिको समयमा नेपालको केही भू-भाग गुमेको र उक्त भू- भागको नाम सुखिम रहेको थियो जुन भारतको सिक्किममा पर्दथ्यो सोहि ठाउँबाट लेखेटिएर नेपालको सीमानामा पर्ने पूर्वी क्षेत्रमा आई बसोवास गरेका शरणार्थीहरूलाई सुखिमबासी भनिने गरिएको पाइयो । सोहि नाम मानिसहरूको जनजिब्रोबाट अपभ्रंशभई परिवर्तन हुँदै सुकुम्बासी भन्ने गरिएको पाइन्छ । जसलाई नेपाली

शरणार्थीको रुमा लिने गरियो पछि सुकुम्बासी शब्द सुखिमबाट आएका शरणार्थी मात्र नभई देशभित्र विभिन्न प्राकृतिक विपत्ती तथा जीवनको सुरुको अवस्थादेखि नै घरवार विहीन भएका, निजी स्वामित्व नभएका, सरकारी वा सार्वजनिक जमिनमा स-साना टहरा बनाई जीविकोपार्जन गर्दै आएका समूह वा जनसंख्यालाई सुकुम्बासी भनिन्छ (सुकुम्बासी आयोग २०५२ पृ. ९) ।

यसैगरी सुकुम्बासी भन्नाले भूमिहीन, निःसहाय व्यक्ति, विभिन्न प्राकृतिक प्रकोप (वाढी, पहिरो, भू-क्षय आदि) जस्ता घटनाहरूबाट हुन पुगेको परिवारलाई भनिन्छ । त्यस्तै सुकुम्बासी भन्नाले आफ्नो-आफ्नो परिवार र आँसियारको नाममा जग्गाधनी वा मोहिको हैसियतले नेपालीभित्र कुनै घर वा जग्गा नभएको र कृषि सम्बन्धी श्रम गरी गुजारा चलाएको नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई जनाएको छ (सुकुम्बासी आयोग कार्यविधि, २०६६) । लुमन्ति नामक ग्रैह सरकारी संस्थाले यस प्रकार सुकुम्बासीलाई परिभाषित गरिएको पाइयो । "नेपाल अधिराज्यको कुनै पनि स्थानबाट आफ्नो आधारभूत आवश्यकता पूरा गर्न बसाइँ सराई गर्ने क्रममा सहकारी वा पर्ति जग्गामा बसोवास गरिरहेको छ भने त्यस्ता मानिसहरूलाई सुकुम्बासी भनिन्छ।" भनी परिभाषित गरेको छ। ( सुकुम्बासीहरूको अवस्था विश्लेषण प्रतिवेदन २०५१)

जिविकाका लागि कुनै पनि प्रकारका ठोस स्रोत र जग्गा जोड्न सक्ने क्षमता नभएका भूमिहीन, गरीब, निःसहाय, मजदूर, कृषि वर्ग, कमैया, हरूवा-चरुवा, हली गोठाला सबैलाई सुकुम्बासी भनिन्छ । यस्ता सकुम्बासीहरू एक ठाउँबाट अर्को ठाउँमा आधारभूत आवश्यकताका लागि बसाई सर्ने परम्परा परापूर्वकालदेखि नै रहेको पाइन्छ (कोइराला, २०५९ : पृ. ४९) । नेपालमा कुल ४२,५३,००० परिवारमध्ये २, २७, ६७५ परिवारको त बाँस बनाउनका लागि प्रयाप्त भूमि समेत नभएको पाइएको छ भने ८,०२, ६१५ परिवारकलाई खेतिगर्न कुनै जमिन नभएकोले उनीहरू दिनप्रतिदिन गरीबीको मारमा पिल्सिएर रहेका छन् । (CBS, 2003 : 22)

नेपाली समाजमा गरीबी र असमानता व्याप्त छ । यस भित्र बसोवास गर्ने नेपालीहरूले पनि अभाव र संकटयुक्त जीवन विताई रहेका नै छन् । यसमा पनि पिछडिएको वस्तिहरूका बारेमा समाजशास्त्रीहरूको कम अध्ययन गरेका छन् । विशेषतः सकुम्बासी समस्याका बारेमा अधिकारीक अध्ययन नगरिएकाले यस सम्बन्धमा जानकारी हुन अति

आवश्यक रहेबाट नेपालका कुनाकुनाका सुकुम्बासीहरू सरकारी जग्गा तथा खोलाका किनारामा स-साना छाप्रा बनाई बसोवास गरी आएका बासीन्दाहरूलाई एकैसाथ समेट्न नसकिने भएकोले नवलपरासी जिल्ला सुनवल नगरपालीका वडा नं. (१०) गैडाखाल स्थित सार्वजनिक जग्गा ओगटेर बसोवास गरेका सुकुम्बासीहरू नवलपरासीका आदिवासी मात्र नभई बाहिरी जिल्लाहरूबाट कामको खोजीमा आएका व्यक्ति तथा परिवारहरू भएको पाइयो । यो शोध ती व्यक्ति तथा परिवारहरू सुकुम्बासी हुनुका प्रमुख कारण र यसबाट उनीहरूको आर्थिक, सामाजिक अवस्थामा पर्न गएको असरमा मात्र केन्द्रित रही समाजशास्त्रीय अध्ययन अनुसन्धान गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल कृषि प्रथान देश भएकाले यहाँका लाखौ नेपाली जनताहरू जमिन विहीन रहनु देशको नै ठूलो समस्याको रूपमा रहेको छ । सुकुम्बासी पैतृक सम्पत्तिका रूपमा स्रोत र साधन नहुनाले मात्र नभई सामन्ती समाजदेखि नै समाजका ठूला बढाका आश्रयमा अश्रित जीवन बिताउँदै पछि उनीहरबाट शोषित हुँदै जाँदा सुकुम्बासी हुन पुगेका समेत भेटिन्छन् । नेपालमा समय समयमा हुने प्राकृतिक प्रकोपका कारण वर्षेनी हजारौ मानिसहरू घरवार विहिन हुने गर्दछन् । जसलाई सामाजिक अध्ययन भित्र राखेर अध्ययन गरिएको छ । उनीहरूलाई सरकारले राहत दिएतापनि त्यसले समस्या समाधानमा केही पनि सहयोग मिलेको देखिदैन । बर्षेनी जनसंख्या वृद्धिको चाप एकातिर छ भने अर्कोतिर कृर्षि भूमिमा आधुनिक प्रविधिको कमि, उर्वरायुक्त भूमिमा बसोवास तथा नेपाल सरकारबाट स्थायी रूपमा कुनै पनि उद्योग स्थापना नगुर्न, रोजगारीको व्यवस्था नुहुन, सुकुम्बासीहरूले आफूलाई सुविधायुक्त क्षेत्रमा बस्ती बसाउनका लागि वन, जङ्गल फडानी गर्नु, सार्वजनिक जमिनमा बसोवास गर्नु, बाट तथा सडकका छेउछाउमा बस्नु जस्ता समस्या दिनानुदिन बढ्न थालेका छन् ।

नेपालका कुना-कुनामा बसोवास गरेका सुकुम्बासीहरूले आफूहरूलाई गरिब, निसहाय तथा पीडित भएको पाउँछन् । यिनीहरूको समस्या लगभग एकै किसिमको रहेका छन् । जस्तै : बसोबास, खानेपानी, स्वास्थ्य, रोजगारी, शिक्षा, जग्गा तथा लालपुर्जा आदि रहेका छन् । हालसम्म सुकुम्बासी समस्या समाधानका लागि ल्याइएका विभिन्न कार्यक्रमहरू शहरकेन्द्रित भएका र राजनैतिक दलका कार्यकर्ताहरूमा आफन्त वादी प्रवृत्ति देखिएको हुँदा

उक्त समस्यामा कुनै सुधार नभएको पाइन्छ । पंचायती कालको समाप्ति तथा प्रजातन्त्रको पूर्ण : स्थापनासँगै सार्वजनिक जमिनको अधिकारिक कागजपत्र स्पष्ट नुहुनु, जनसंख्याको चाप उच्च हुनु यसको तुलनामा खाद्यन्न उत्पादनमा वृद्धि नहुनु आदि नेपालमा सुकुम्बासीहरूको संख्या वृद्धि हुँदै जानुका प्रमुख कारणको रूपमा रहेका छन् ।

जमिन हुनेहरू नहुने भन्दा स्वाभावत सामाजिक तथा आर्थिक तवरले धनि छन् । परिणामतः भूमिहिन किसान, कृषि श्रमिक र सुकुम्बासी शोषण, अपमान निकृष्ट गरीबीको छायाँमूनि बाँच्नु परेको छ । भूमि अधिकारबाट बञ्चित सुकुम्बासी भूमिहीन किसान, पूर्व कमैया हलिया, हरूवा-चरुवा, कृर्षि मजदुर आत्म सम्मानका साथ बाँच्न पाइरहेका छैनन् । संरचनागत रूपमा जाति, भाषा, लिङ्ग आदिका आधारमा महिला, दलित, आदिवासी तथा जनजाति आदिको अवस्थामा पीडित भएरै विभेदपूर्ण वातावरणमा बस्नु परेको छ (भूमि अधिकार २०६७ : पृ. २३) ।

यस नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. १० गैडाखालका सुकुम्बासीहरूको बारेमा आजसम्म कुनै पनि रुपबाट अध्ययन अनुसन्धान भएको पाइदैन त्यसैले यसको बारेमा गहिरो अध्ययन हुनु आवश्य मानिन्छ । यहाँ बसोवास गर्ने सुकुम्बासीहरूको विशेषत : शैक्षिक अवस्था, जीवीकोपार्जन पारिवारिक संरचना, अवस्था आदिको बारेमा अध्ययन गरिएको छ । यस बस्तीका सुकुम्बासीहरूको समस्या भनेको नै भूमिको अभाव तथा लालपूर्जा सम्बन्धी समस्या प्रमुख पाइयो ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१. सुनवल नगरपालीका वडा नं. १० गैडाखालका बासीन्दाहरू सुकुम्बासी हुनाका कारणहरू के-के हुन् पत्ता लगाउनु,

२. सुकुम्बासी हुनाले यिनीहरूको सामाजिक तथा आर्थिक जीवनमा परेको विभिन्न असरहरू बारे व्याख्या गर्नु ।

## १.४ अध्ययनको महत्त्व

नेपालमा समाजशास्त्रीय दृष्टिकोणले विभिन्न समयमा अनुसन्धान नभएको र भएका अनुसन्धान पनि सकुम्बासीहरू समस्या : कारण र असरहरू बारे अध्ययन अनुसन्धान नभएको हुँदा यसको अध्ययन गर्नु अत्यन्तै महत्व रहेको छ ।

नेपालमा सुकुम्बासी वस्तीहरूको अध्ययन कम नै गरेको पाइन्छ । हालको सनर्दभमा सुकुम्बासी एउटा जटिल विषय वस्तु देखिएकोले यसको अध्ययन तथा अनुसनधानको औचित्यलाई महत्व दिनुपर्ने देखिएको छ । नृपाल कृषि प्रधान देश भएबाट अधिकांश मानिसहरूको जीवनचक्र कृषि पेशामा नै आश्रित हुने गरेको छ । नेपालमा करिब तीन करोड मानिसलाई सीमित कृषियोग्य भूमि वितरण प्रकृया अनुसार अपुग हुन जान्छ । कसलाई सुकुम्बासी भन्ने कसलाई नभन्ने यो सुकुम्बासी पहिचानको समस्या पनि आफ्नो ठाउँमा महत्वपूर्ण छ । बर्षेनी प्राकृतिक प्रकोप, आर्थिक अभाव जस्ता समस्याले सुकुम्बासी बन्ने र यो संख्या बढ्ने क्रम बनिरहेको छ । यस अध्यनको केन्द्रविन्दु नै सुकुम्बासी समस्या : कारण र असरहरू रहन गएको छ । यस बारेमा सही जानकारी र निष्कर्ष निकाल्नु नै प्रस्तुत अध्ययनको महत्वपूर्ण कार्य हो ।

यस नवलपरासी जिल्ला सुनवल नगरपालीका वडा नं. १० मा बस्ने व्यक्तिहरू सुकुम्बासी हुनुका प्रमुख कारणहरू र यसबाट उनीहरूको सामाजिक तथा आर्थिक जीवनमा परेको प्रभावमा केन्द्रित रहेको यो अध्ययनको अत्यन्त गहनीय भूमिका रहेको देखिन्छ । यस्ता अध्ययन गर्ने शोधकर्ताका लागि पनि सहयोग पुऱ्याउनुको साथै यी समस्याप्रति भए गरेको अध्ययन अनुसन्धानबाट निस्किएको निष्कर्षबाट अधिराज्यका विभिन्न स्थानमा रहेका सुकुम्बासीका लागि नेपाल सरकारलाई कार्यक्रम तर्जुमा गर्न र समस्या समाधानका लागि सहयोग पुऱ्याउँछ । त्यसैगरी अन्य सुकुम्बासीहरूको अध्ययन अनुसन्धानमा अभिरुची राख्ने शोधकर्ताका लागि समेत यो अध्ययन अधिकारिक र आधार स्रोतका रूपमा महत्वपूर्ण देखिन्छ ।

## १.५ अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत अध्ययन छ अध्यायमा विभाजन गरिएको छ । जसलाई क्रमैसँग यसरी प्रस्तुत गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व रहेको छ । दोस्रो अध्यायमा अध्ययनको सैद्धान्तिक अवधारणा र

पूर्वसाहित्यको पूनरावलोकन रहेको छ । तेस्रो अध्यायमा उक्त अध्ययन गर्दा गरिने अनुसन्धान विधि, अध्ययन क्षेत्रको छनौटको औचित्य, अनुसनधान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत समग्र र नुमुना छनौट, तथ्याङ्क संकलन विधि, अध्ययनको सीमा, तथ्याङ्कको प्रमाणीकता र विश्वनीयता, नैतिक आचरण र तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रकृया आदि रहेको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय रहेको छ । पाँचौ अध्यायमा सुकुम्बासी हुनुका कारणहरू र विविध क्षेत्रमा परेको असरहरू बारे चर्चा गरिएको छ । छैठो अध्यायमा सारांश निष्कर्ष र सुझावहरू समावेश गरिएको छ ।

अन्त्यमा, शोधकर्ताले अध्ययन गरेको सामाग्रीको सूची, शोध कार्यको लागि प्रयोग गरिएको अर्धसंरचित प्रश्नावली समाविष्ट गरिएको छ ।

# अध्याय : दुई

# पूर्वसाहित्यको पूनरावलोकन

जनुसुकै विषयमा गरिने शोधकार्यलाई सफल बनाउनको लागि शोधकर्तालाई उद्देश्य अनुरूपको आवश्यक सहयोग पुऱ्याउने सामाग्रीहरू बारेमा जानकारी हुन आवश्यक छ । यस्ता शोधसँग सम्बन्धित आवश्यक पूर्व अध्ययन अनुसन्धान एवम् लेखहरूले शोध कार्यमा धेरै सहयोग पुऱ्याउने हुँदा यहाँ गर्न लागिएको शोधको लागि पनि शोध कार्यसँग सम्बन्धित विषयमा तयार पारिएका पुस्तक, लेख, रचना, टिप्पणी जुन प्रकाशित अप्रकाशित रूपमा पाइएको छ तिनीहरूलाई यस शोध कार्यको लागि समीक्षाको रूपमा प्रस्तुत गरिने छ ।

## २.१ सैद्धान्तिक अवधारणा

कुनै पनि विषयवस्तुको अनुसन्धान सैद्धान्तिक ढाँचामा आधारित हुने हुँदा यस समाजशास्त्रीय अध्ययन अन्तर्गत "सुकुम्बासी समस्या : कारण र असर" शीर्षकको शोधपत्र तयार गर्नको लागि बसाईसराई सिद्धान्त र ए.जी फ्रेङ्कको परिनिर्भरता सिद्धान्तलाई आधार मानिने छ । सुकुम्बासी वस्तीहरू विशेष गरेर तेस्रो विश्वको विकासोन्मुख देशहरूमा पाइन्छन् । जस्तो नेपाल, भारत, पाकिस्तान, बंगलादेश इत्यादि । सुकुम्बासी बस्तीहरूमा गरीब तथा भूमिहीन विपन्न वर्गले बसोवास गरेको हुन्छन् ।

ए.जी फ्रेङ्कले धनी र गरीब राष्ट्रहरूलाई मेट्रोपोलिस र सेटलाइटमा विभाजन गरी असमान आर्थिक सम्बन्धको बारे चर्चा गरेका छन् । पूँजीवादले तेस्रो विश्वलाई पारेको नकारात्मक प्रभाव प्रविधिको विकासमा केन्द्रका देश अगाडि रहेको पाइन्छ । परनीर्भरताले नेपाली समाजमा जरो गाडेको छ । यसै परिवेश अनुसार अध्ययन गर्न लागिएको क्षेत्रमा बस्ने सुकुम्बासीहरू आर्थिक अभाव तथा गरिबीका समस्यामा परेर सुविधायुक्त ठाउँको खोजी सँगै यस बस्तीमा ऐलानी जग्गा कब्जा गरी बसोवास गर्न पुगेको पाइयो ।

ऐतिहासिक कालखण्डदेखि नै साहुँ महार्जनको खेतमा श्रम गरेर जीवन चलाउने कृषि मजदुर, हलिया, हरूवा-चरुवा, कमारा-कमारी जस्ता मान्यता परम्पारगत रूपमा चलीआएको थियो । यिनिहरूमा मूलत : दमाई, कामी, सार्की वा भूमिहीन तथा कृषक वर्ग रहेको छन् । हाल यी सबै मान्यता सरकारी स्तरबाट खारेज गरिएतापनि व्यवहारमा अझै

निर्मूल गर्न सकिएको छैन । नेपालका विभिन्न जिल्लाहरूमा सामन्ती प्रवृत्ति रहेको पाइन्छ । नेपाल एकिकरणको समयदेखि नै समाजमा उपल्ला वर्गहरूको आश्रयमा समाजका तल्ला वर्गहरूले जीवन निर्वाह गरेको पाइन्छ । त्यसैले ए.जी फ्रेङ्कको परनिर्भरताको मान्यतासँग आवद्ध रही यो अध्ययन गरिने छ। यस शोधपत्रको विषय वस्तु "सुकुम्बासी समस्या : कारण र असर" भएकाले मानिस सुकुम्बासी आफ्नो इच्छा अनुसार नभई बाध्यता र प्राकृतिक प्रकोपका कारणले हुने भएकाले अचानक घरवार विहीन भई मानिस बसाई सर्नु परेको छ । बसाईसराईका साथमा आफूँहरूलाई भूमिहीन बनाउँदै लैजान बाध्य भएका छन् ।

## २.२ पूर्वसाहित्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान लेखन कार्य गर्दा पूर्व सामाग्रीहरूको पूनरावलोकन तथ्याङ्कको प्रवृत्ति श्रोतहरूको छनोट गरी विश्लेषण गर्न प्रश्नावली तयार गर्न आदि काममा सहयोग हुन्छ । सुकुम्बासी सुगौलि सन्धिको समयमा नेपालको केही भू-भाग गुमेको र उक्त भू-भागको नाम सुखिम रहेको थियो । जुन भारतको सिक्किममा पर्दथ्यो । सोही ठाउँबाट धपिएर नेपालमा शरणार्थीको रूपमा नेपालको सीमानामा पर्ने पूर्वी क्षेत्रमा आई बसोवास गरेको पाइन्छन् । त्यी नै जनसंख्यालाई सुकुम्बासी भन्ने गरिएको र पछि त्यो नाम मानिसको जनजिब्रोबाट अपभ्रंष भई परिवर्तन हुदै सुकुम्बासी भन्ने गरेको पाइन्छ । जसलाई नेपालको शरणर्थीको रूपमा लिने गरियो पछि सुकुम्बासी शब्द सुखिमबाट आएका शरणार्थी मात्र नभई देशभित्र विभिन्न प्राकृति विपत्ति तथा जीवनको शुरुको अवस्थादेखि नै घरबार विहीन भएका निजी स्वामित्व नभएका सरकारी वा सार्वजनिक जमिनमा स-साना टहरा बनाई जीविकोपार्जन गर्दै आएका समूह वा जनसंख्यालाई सुकुम्बासी भनिन्छ (सुकुम्बासी आयोग, २०५२) ।

वडाल (२०५५) ले नेपालमा २००७ सालको समाप्ती पछि प्रजातान्त्रिक शासन पद्धतिको प्रारम्भसँगै वि.सं. २०११ सालमा अधिराज्यभर भिषण वर्षा भई बाढी पहिरोले हजारौ रोपनी खेती योग्य भूमि नोक्सानी गराएपछि कयौ परिवार भूमिहीन भई गाँस-वासको समस्या उत्पन्न भएको थियो । वि.सं. २०१५ सालको औलो उन्मूलन कार्यक्रम प्रारम्भ भएबाट नेपालमा भारत, बर्मा आदि ठाउँबाट र देशभित्र नै एक ठाउँबाट अर्को ठाउँमा बसाईसराई सर्ने क्रमले वनविनास तीब्र रूपमा हुन गई अनियमित रुपको बसोबासको प्रकृयाबाट दैवी घटनाहरू निम्त्याई झन मानिसहरू सुकुम्बासी बन्न पुगेको थिए । ०.१

हेक्टर देखि ०.२ हेक्टर सम्म जमिन भएका किसान परिवार संख्या ४,६८,८७८ परिवार रहेको र लगभग ०.२ हेक्टर भन्दा कम जमिन भएका र हुँदै नभएका समेत परिवार संख्या १० लाख रहेको बताएका छन् ।

CBS (2003) मा नेपाल भूमि वितरण अन्यायपूर्ण असन्तुलन रहेको साथै परम्परागत कृषि उत्पादन र उत्पादकत्व जन्संख्या वृद्धिको सापेक्षता अनुरूप वृद्धि हुन नसकेको पाइन्छ । यसले गर्दा वर्षेनी सुकुम्बासीको जनसंख्या बढ्दै गएको देखिन्छ । नेपालका कुल ४२,५३,००० परिवारमध्ये २,२७,६७५ परिवारको वास बनाउनको लागि प्रयाप्त भूमि नभएको साथै ८,०२६१५ परिवारलाई खेती गर्न कुनै जमिन नभएको र नेपालमा ०.१ हेक्टर भन्दा कम जमिन भएका कृषक ८.५ प्रतिशत भएको उल्लेख गरिएको छ । त्यस्तै शर्मा (२०४५) का अनुसार खान नपुग्ने परिवार संख्या ७,०४,९११ भएको र तिनीहरूलाई खान पुग्ने जमिन दिने हो भने थप हेक्टर जमिनमा पूर्नवास गराउनु पर्ने देखाएका छन् ।

देउजा (२०६७) मा भूमिहीनता मुख्यतया गरिबी असमानता र गरिबीहरूको शोषणसँग गाँसिएको छ । प्रत्येक वर्ष धेरै मात्रामा उर्वर तथा खेती योग्य जमिन बाढीले बगाएर लैजानाले त्यसको असर प्रत्यक्ष रूपमा समुदाय र समष्टिमा मुलुकलाई नै ठूलो नोक्सानी परेको छ । जसको कारण रोजगारी र स्तरीय जीविकाको लागि मानिसहरू आफ्नो पैत्तिक सम्पत्तिलाई छोडेर अन्य क्षेत्रमा बसाइँ सर्ने प्रकृयाले सुकुम्बासी बनेको कुरा उल्लेख गरिएको छ ।

Frederick and Gaize (1975) का अनुसार नेपालको तराई क्षेत्र कृषि उत्पादनले प्रशिद्ध भएकोले त्यस क्षेत्रमा आर्थिक तथा सांस्कृतिक कृयाकलापमा भारतीय प्रभाव रहेको पाइन्छ । जसकारण भारतीय र पहाडीयाहरू यस ठाउँमा बसाइँसर्न थाले । सरकारी स्तरबाट नै पहाडीयाहरूलाई र उच्च कुलीन वर्गलाई प्राथमिकता दिएबाट तराइका सर्वसाधरण बासिन्दाहरू भूमिबाट विस्थापित हुनुपर्ने भयो । लामो समयदेखि कृषि पेशा गर्दै आएका मानिसहरू बाहिरीए भने पहाडीयाहरूले जग्गा कब्जा गर्न थाले । पहाडीया ब्रामह्णहरू आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रमा उच्च हैसियत भएकाले तराई-बाँसीहरूको न्यून हैसियतका कारण उनैमानिर्भर हुनुपर्‍यो । पहाडीयाहरूको अन्याय अत्याचारबाट उनीहरू आफूँ बस्दै आएको ठाउँ छोडी अन्यत्र बसाइँसर्न थाले जसबाट भूमिहीन बन्दै गए । यति मात्र नभई सरकारबाट नै जमिन्दारलाई उच्च कर लगाएपछि तराईका जमिन्दारी थारु,

मगर लागएतका परिवारहरूको आर्थिक स्थिति घट्दै गयो । बाहुन क्षेत्रीका बस्ती बाक्लीदै गयो । यसरी मानिसहरू भूमिबाट बञ्चित हुनुपर्‍यो भनिएको छ ।

Bista (1991) मा नेपाल र भारतबिच पृष्ठ र केन्द्रको सम्बन्ध रहेको छ । नेपाल माथि भारतले विभिन्न शोषण गर्दै आएको छ । सन् १९५० को दशकपछि देखा परेको आधुनिकरणको सिद्धान्तले विश्वका विभिन्न राष्ट्रहरूको आर्थिक तथा सामाजिक विकास हुन नसक्नुको कारण पत्ता लगाउन सकेन समाजमा गरिबी र असमानताहरू बढे । नेपाल लगाएत तेस्रो विश्वका मुलुकहरू विकसित राष्ट्रमा निर्भर हुन पुगे । तेस्रो विश्वका मुलुकहरू पछाडि पर्नुमा साम्राज्यवादी एवम् पूँजीवादी राष्ट्रहरूले अल्पविकसित मुलुकहरूलाई आर्थिक शोषण गर्नु नै प्रमुख कारण रहेको थियो । गरीब तथा अल्पविकसित राष्ट्रले विकसित राष्ट्रसँग प्रतिस्पर्धा गर्न नसक्दा यिनीहरूको व्यापार घाटा भई कच्चा पदार्थ एवम् सस्ता वस्तुहरू निर्यात गरी महँगा वस्तुहरू भित्रयाउन वाध्य भए जसले परनिर्भरता बढ्दै गयो । नेपालको गरीबीलाई प्रभाव पार्ने तत्व राजनैतिक अर्थनीति हो । नेपालमा सुगौली सन्धी भए देखि नै भारतीय परनिर्भर बन्दै गएको नेपाल भित्रै काठमाडौं शहर छ भने पृष्ठ क्षेत्रमा रुकुम, डोल्पा आदि क्षेत्र तथा स्थान गरीब मूलमा देखिन्छ ।

Regmi (1971) ले नेपालमा सामाजिक आर्थिक सम्बन्ध परम्परागत प्रथा अनुसार चल्नुका साथै वंशगत रूपमा जग्गा हस्तान्तरण हुने गर्दछ । समाजको प्रमुख व्यक्तिले समाज परिचालन गर्ने निहुँमा समाजका गरिब किसानबाट ऋणको चर्को व्याजका कारण जग्गा असुल्ने गरे जसले गर्दा सर्वसाधरण जनताहरू भूमिहीनको अवस्थामा पुग्नुपर्‍यो ।

Caplan (1970/2000) मा भनिएको छ अठारौ शताब्दीका समयमा हिन्दुहरू जातीय समुहको बस्तीतिर बसाइँ सरे । हिन्दु र लिम्बुहरु जातिय, सांस्कृतिक असमानताका कारण हिन्दुहरुको दमन र शोषण पछि पूर्व नेपालका जनजातिहरू बसाइँसर्न थाले पश्चात मानिसहरू भूमिहीन र शक्तिहीन बन्दै गए । लिम्बुहरू हिन्दुहरूबाट अलग रहन बसाइँ सरे भने हिन्दुहरू पनि उनीहरूकै क्षेत्रतिर बसाइँ सर्दै जमिन कब्जामा लिदै गए । हिन्दुहरू सरकारी स्तरबाट नै उच्च पद र तहमा भएकाले र लिम्बुहरूको समाजिक सांस्कृतिक चलनले गर्दा ऋण कारोबार हिन्दुहरू सँग गर्नुपर्‍यो । आर्थिक स्तर कमजोर भएबाट समयमा तिर्न नसक्नु र उच्च ऋणका कारण आफ्ना भएका सम्पत्ति हिन्दुहरूले कब्जा गरे

जसकाकारण भूमिहीन हुन पुगे । साथै प्राकृतिक जन्मदरको वृद्धिले परिवार छुट्टीदै जादा र बसाइँसर्नु पर्ने बाध्यताले भूमिहीन हुँदै सुकुम्बासी बन्न पुगेको जनाएका छन् ।

शाह र जयसवाल (२०६५) का अनुसार साम्प्रादयिक सामन्ती राज्यसत्तायुक्त राजनीतिक कारण मधेशका जनता सुकुम्बासी एवम् श्रमिक बनेका छन् । बहुजातीय समाजमा राज्यको एक जातिय नीति एवम् संरचनाका कारणले नेपाली जनतामा उत्पीडित तथा समस्याहरू दिनप्रतिदिन आइरहेका छन् । मध्य युगीन राजतन्त्रात्मक अवधिमा खास पहाडिया राज्य सत्ताको उपनिवेश बनेको प्रारम्भिक अवधि भएकाले उनीहरूको दमनका कारण मधेशीलाई मधेशबाट विस्थापित गर्ने गरिएबाट उनीहरू सुकुम्बासीको नाममा घना जनवस्ती छोडेर जंगल फडानी गरी बस्न थाले । खुला सीमानाका कारण भारत जान र भारतीय मधेश आउन सहज भएबाट भारतीय महाङ्गा वस्तु नेपाल भित्रिए भने नेपाली कच्चा पदार्थ सस्ता मूल्यमा भारत प्रवेश गरेबाट मानिसहरू गरिबी बाट गरिब हुँदै जाँदा सुकुम्बासीको अवस्थामा जीवन चलाउन बाध्य भएको कुरा उल्लेख गरिएको छ ।

मिश्र (२०६३) मा पूँजीवादी राजनीति अर्थतन्त्रले देश, समाज, समूह, वर्ग तथा जातिहरूको संरचना स्वरुप र सम्बन्धमा नेपालको पहाडी क्षेत्रबाट थुप्रै मानिसहरू कामको खोजीमा सिक्किम विहार, दार्जलिङ्ग आसामतिर लागे । तराईका क्षेत्रमा व्यापक वन फडानी गरी कृषि क्षेत्र विस्तार गरी भारतीय क्षेत्रमा रेलमार्ग निर्माणका निम्ति आवश्यक काठ उपलब्ध गराउनु नै नेपाल अल्पविकसित देशतिर धकेलिनुका प्रमुख कारण रहेको थियो । नेपाल विश्व व्यवस्थात्मक प्रणाली भित्र छिर्न पुग्दा अरु बढी परनिर्भर र गरिब हुन पुग्यो । नेपालका उच्च वर्ग शासक कर्मचारीले आफ्नो स्वार्थ पूरा गर्न तल्लीन रहे । गरीबहरू विभिन्न अवसरहरूबाट बञ्चित हुँदै जाँदा गरिब व्याप्त हुन पुग्यो । गरिबी निवारण लागि नेपालमा भित्रिएको ऋण गरीब जनतासामु पुगेन । भूमिको असमान वितरणले गर्दा कोही भूमिहिन बन्न पुगे भने कोही भूमिपति रहे । देशको स्रोत साधनलाई जिम्मेवारी लिएका नेतृत्व वर्ग र उच्च वर्गका कर्मचारीहरूले आफ्नो स्वार्थका निम्ति प्रयोग गर्दा कोही भूमिहीन बन्दै गए भने कोही दिन प्रतिदिन धनी बन्दै गए । केही सुकुम्बासीहरूले सुकुम्बासीका नाममा जग्गा प्राप्त गर्ने बेच्ने र पुनः सुकुम्बासी बन्ने कार्य भैरहेको जनाएका छन् ।

श्रेष्ठ (१९९७) मा समाजमा कुलीन वर्गहरूको आफ्नो विलासी जीवनका निम्ति नेपालीको स्रोत साधन र श्रमलाई विभिन्न माध्यमबाट चुस्दै आएका छन् भने अर्कोतिर

गरिब नेपालीहरू एक सरो लाउन र एक छाक टार्न पनि नसक्ने अवस्थमा छन् । विदेशीहरू गरिबी निवारण गर्न नेपालमा छिरेपनि विकासका नाममा गरीबी बढाउन महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेपालको सामाजिक सांस्कृतिक वातावरणको अध्ययन नगरी विदेशिहरूको इशारामा विवेश हीन ढङ्गले योजनाहरू संचालन गर्दा नेपालमा गरिबी बढेको र नेपालीहरू दिनप्रतिदिन पश्चिमी राष्ट्रप्रति परनिर्भर बनेको पाइन्छन् ।

English (1985) मा गरिबी मानवीय आवश्यकता परिपूर्ति नहुनुको साथै मानवीय अवसरबाट बञ्चित हुनु न्यूनतम शिक्षा न्यूनतम पोषण सुविधा आदि नै गरिबी हो । नेपालको राजनीति इतिहाँस परिवर्तन हुँदै आएको छ । एकीकरण पश्चातका शासन व्यावस्थामा विभिन्न शक्तिहरू देखा पर्दै आएको भने राणाकालीन सामाजिक व्यवस्था २००७ मा प्रजातन्त्रको बह्रा पंचायती व्यवस्थाको शुरुवात अनि २०४६ सालमा जनआन्दोलन जस्ता राजनीतिक परिवर्तनहरू नेपालका इतिहासमा पाइन्छ । नेपाली ऐतिहासीक समाजमा उच्च वर्गले गरेको दमन, शोषण, अन्याय, अत्याचार, जातिय उचता र निचता एवम् शुद्धताका आधारमा जातिको आर्थिक, सामाजिक, धार्मिक पक्षका बीचको सम्बन्धले समाज अगाडि बढेको थियो । नेपालमा १०४ वर्ष निरंकुश राणकालीन समयमा तराईका उब्जाउ भूमिहरू राणाका परिवारले आफ्नो कब्जामा लिए अनि विर्ता बाँड्ने काम गरे । आफन्तवाद भाईभारदारहरूलाई आफ्नो शासनको हिस्सा बनाउँदै गए भने सर्वसाधारणलाई दासको व्यावहार गरे जसबाट निकास पाउन सर्वसाधारणले आन्दोल गरेतापनि राजनितिक तथा आर्थिक बेमेलले आफ्नो हक पाउन सकेनन् बिग्रदो राजनीतिक वातावरणले गर्दा थुप्रै नेपालीहरू बसाई सरे । २० औ शताब्दीको अन्त्यतिर नेपाल गरिब देशमा परिणत हुन पुग्यो । बेरोजगारी, जनसंख्या वृद्धि खुला सीमाका कारण भुटान देखि नेपालमा मानसिहरू भित्रिएको उल्लेख गरेका छन् ।

देउजा (२०६७) मा भूमिको उत्पादकत्व सँग गरिबीलाई प्रत्यक्ष रूपमा जोडिएकोले समाजमा जमिन हुनेहरू माथि र नहुनेहरू तीनै उपल्ला वर्गको छायाँमुनी बाँच्नु परेको कुरा देखाइएको छ । परम्परागत रूपमा नै सामन्ती स्वरुप रहेको नेपाली समाज वर्गीय र विभेदकारी अभ्यासबाट मुक्त भएर भू-अधीनत्व, जातिय उच्चता र समाजको सम्भ्रान्त वर्गले भूमिहीनताको विषय र गरिबी किसानका अधिकारलाई पन्छाएबाट गरिबी दिनप्रतिदिन समस्याको रूपमा रहेको छ । यति मात्र नभएर राज्यद्वारा नै व्यक्तिलाई जाति वर्ण, लिङ्ग,

भाषा, राजनितिक अथवा सामाजिक उत्पत्ति सम्पत्ती जन्म हैसियतबाट विभेद नगर्ने भनिए तापनि सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा तीनै समुदाय पछाडि परेकाले तिनीहरूको जीवनयापनमा खाद्यन्न, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता अपरिहार्य आवश्यकताको अभाव छ ।

आर्चाय (२०६०) मा ऐतिहासिक घटनाहरू एकीकरण अभियान, राणाशासन, पञ्चायती शासन एवम् वहुदयिलय व्यवस्थाको उदयसँग भए गरेका द्वन्द्वले नेपाल एकातिर पुँजीवादको फन्दामा परी शोषिएको र अर्कोतिर स्वदेशी शासक वर्ग, सामन्त र उच्च पदस्त कर्मचारकिो स्वार्थीचालाले नेपाल परनिर्भरताको भुमरीमा पर्दै आएको छ । १८ औ शताब्दीको अन्त्यतिर नेपाल सार्वभौम राष्ट्रको रूपमा रहेबाट तमाम जनतामा सामुहिक भावनामा फरक-फरक राननीतिक सामाजिक संरचनामा समाज विभक्त हुन पुग्यो । द्वितीय विश्वयुद्धपछि विकासका विभिन्न लहरहरू देखिए तर नेपालको विकास हुन सकेन उच्च तथा सामन्ती वर्गले विकासका नाममा विभिन्न स्रोत असुर समाजमा उच्च वर्ग धनी र निम्न वर्ग दरिद्रताको खडेरीमा भाँसिदै गए । राणा शासनको विरुद्धमा बोल्नेहरूलाई असुरक्षा हुन थाल्यो । राणाहरूले आफूलाई उच्च वर्गमा राखे भने अरुलाई निम्न वर्गमा राखे जात जातियता नातेदार, आफन्तको घेरा भित्र रहेर सामाजिक, सांस्कृति आर्थिक सम्बन्धको निर्माण भयो । समाज परम्परागत रूपमा अगाडी बढ्दै गयो । राणाकालीन समय उनीहरूको बोलीमा नै तत्कालीन समाजको नियम चल्ले भएकाले उनीहरूलाई खुसी पार्न सेवामा तल्लीन हुनुपर्ने थियो । यस समयमा केन्द्रीय स्तरदेखि स्थानीय तहसम्म राणा र आफन्तवाद रहेकाले सामाजिक स्तरीकरण उच-निच् भएको पाइन्छ । सन् १९६० मा तराईमा मलेरियाको अन्त्य गर्ने कार्यक्रमले तीब्र रूपमा जनसंख्या बढेको थियो । हिमाली तथा पहाडी इलाकाको तुलनामा तराई क्षेत्र आर्थिक विकासका दृष्टिले निकै उपयुक्त भएकाले हिमाली र पहाडी इलाकाबाट आर्थिक समस्याले गर्दा तराईमा झरेको देखिन्छ । तराई क्षेत्रमा उत्पादकत्व वृद्धि भएकाले वासाइँसराई बाट जनसंख्याले रोजगारी अभावका साथै वातावरणीय प्रदुषण अनि सुकुम्बासी समस्या चक्रीदै गएको छ । सन् १९५९ मा चीनले तिब्बत्लाई आफ्ना अधिनमा लिएपछि झण्डै ६००० मानिस नेपामा शरणर्थीका रूपमा आर्य स्थायी बसोवास गरे । हाल पूर्वी नेपालमा भुटानी शरणार्थी समस्या रहेको जनाइएको छ ।

श्रेष्ठ (२०५५) प्राचीन समाजमा ठूलावढाको हातबाट सामाजिक मूल्यमान्यता चल्ने हुँदा उनीहरूको निर्णय अनुरूप समाजका तल्ला वर्गहरू जग्गा उपभोग गरेवापत जमिनदारलाई नगदी पोत बुझाउनु पर्दथ्यो । जसलाई प्राचिन समाजमा उखडा प्रथाले चिनीन्थ्यो । यी प्रथाहरू केही जिल्लाहरूमा प्रचलित रहेको पाइन्छ । झोरा जग्गा मोरङ्ग, झापा, सुनसरी जस्ता जिल्लाहरूमा जंगल फडानी गरी समायोजन व्यवस्था वि.सं. २०२८ मा लागू गरियो । भूमि ऐन वि.सं. २०२१ अनुसार सरकारमा मालपोत तिर्नुपर्ने गरि आफ्नो नाममा दर्ता गरी हक जमाउन थालेपछि यस्ता जग्गाधनीलाई जग्गावाला भनियो भने झोरा क्षेत्रको जग्गा भोगचलन गर्दै आएका रैतिपरिवारको संख्याका आधारमा जग्गा विक्री वितरण गरिने व्यवस्था बाट केही मानिसहरूले जग्गा कब्जा गरे भने अन्य भूमिहनि अवस्थामा देखिए । यसैगरी र्खक जग्गा जहाँ खेति नहुने तर भेडा, च्चाङ्ग्रा व्यवसाय हुने हुँदा मालपोत खर्च रकम तिनुपर्ने गरी खर्के जग्गा दर्ता गरी आफ्नो हक स्थापित गर्दै गए बाँकी स्वतः सुकुम्बासी भए । यसरी परम्परागत रूपमा नै विभिन्न माध्यमबाट सुकुम्बासी बन्दै आएका छन् ।

यसप्रकार “सुकुम्बासी समस्या : कारण र असरहरू” बारेमा सरकारी तवरबाट समयमा कुनै पनि प्रकारबाट किन र कसरी समाज तथा राष्ट्रमा मानिसहरू दिनप्रतिदिन सुकुम्बासी भएका छन् भन्नेबारे उजागर गर्न नसकेकोले सुकुम्बासी कसरी भए भन्नेबारे आधिकारी प्रमाणहरू पाउन सकिएको छैन । माथि गरिएको अध्ययनहरूमा समाज विकासको क्रमसँगै समाजमा सामन्ती वर्गको उदयका कारण समाजका सम्भ्रान्त मानिसहरूको विभिन्न माध्यमबाट जमिनहरू आफ्नो कब्जामा लिएपछि समाजमा भूमिहीनको अवस्था सृजना भएको पाइन्छ । २०११ सालमा भएको भिषण बाँढीका कारण पनि मानिसहरू भूमिहीन भए । २०१३ सालको औलो उन्मूलन पछि भारतबाट र पहाडी इलाकाबाट नेपालको उर्वर क्षेत्रको रूपमा परिचित तराई क्षेत्रमा आई मानिसहरूले बसोवास गर्न थालेकाले तिनीहरू भूमिहनिका रूपमा रहेको पाइन्छ । भूमि सुधारको नाममा सरकारबाट जमिनदारी प्रथा लागू भएकाले सर्वसाधारणले कर तिर्न नसक्दा भूमिहीनको अवस्था सृजना भएको पाइन्छ । प्रकृतिद्वारा नै सीमित जमिन भएको र जनसंख्या वृद्धि दिनप्रतिदिन बढ्दो रूपमा रहेबाट तथा वंश हस्तान्तरको क्रमसँगै जमिनको पनि हस्तान्तरण गर्नु पर्ने सामाजिक मूल्य-मान्यताका कारण मानिसहरू भूमिहीन बनेका छन् । भौगोलिक विविधताका कारण खेतीपाती नहुनुका साथै दैनिक गुजरा चलाउन गाह्रो परेका गरिब परिवारहरू राम्रो

तथा उत्पादन वृद्धि हुने ठाउँमा आफूहरूलाई बसाई सार्दै जाँदा भूमिहिन भएको देखिन्छ । तराईका हिन्दूवानहरू र लिम्बुवानहरू बीचको सांस्कृतिक असमानताका कारण बसाईसर्ने गरेका देखिन्छ । यसो गर्नाले उनीहरू भूमिहीन भई सुकुम्बासी भएका छन् । तर पनि सुकुम्बासी हुनका कारण र असरका बारेमा खोजी नीति गर्नको लागि सम्बन्धित पक्षले दह्रो प्रयास गरेको देखिदैन साथै नवलपरासी जिल्ला सुनवल नगरपालीका वडा नं. (१०) स्थित गौडाखाल टोलका सुकुम्बासी हुनका कारण र असरको अवस्थालाई लिएर कुनै पनि साहित्यको पुनरावलोकन गरिएका पुस्तक तथा लेखहरू कमै मात्रामा भएको कारण यो अध्ययनले सुकुम्बासीहरूको विकासको लागि आवाज उठाउन सक्षम रही विकासमा एउटा नयाँ आयाम थपिने छ ।

# अध्याय : तिन
# अनुसन्धान विधि

## ३. अनुसन्धान विधि

वर्तमान समयमा सुकुम्सी समस्या जल्दो बल्दो अवस्थामा रहेको छ । यस अध्ययन क्षेत्रको छनौट गर्नुको तात्पर्य यस वस्तीमा धेरै संख्यामा सुकुम्बासी घरहरू रहेका छन् । उनीहरूको दैनिक जीवनयापनको लागि अर्काको घरमा गई काम गर्ने गरेको साथै यिनीहरूको जस्तोसुकै काम (बच्चा हेर्ने, ज्यामी, कपडा धुने आदि) गरेको पाइयो । उक्त क्षेत्रका मानिसहरू के कसरी सुकुम्बासी भए र तिनीहरूको समस्याका बारेमा अध्ययन गरिने छ ।

यस अध्ययन कार्यमा अधिकांश रुपले वर्णनात्मक विधिको प्रयोग गरिएको भएपनि तथ्याङ्क संकलन विश्लेषण तथा प्रस्तुतिको क्रममा संख्यात्मक रूपमा टेवल, चार्ट प्रयोग गरिने परिमाणात्मक विधि आंशिक रूपमा प्रयोग गरी यो अध्ययन मिश्रित अनुसन्धान विधि अर्थात् परिमाणात्मक र गुणात्मकको संयुक्त स्वरुप हुनेछ । प्रस्तुत अध्ययतनलाई व्यवस्थित, वैज्ञानिक एंव विश्वसनीय बनाउनका निम्ति तल उल्लेखित विविध अध्ययन विधिको प्रयोग गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

यस अध्ययनका लागि नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. १० स्थित गैंडाखाल टोलमा बसोबास गर्दै आएका सुकुम्बासीहरू र त्यस ठाउँमा बसोबास गर्ने अन्य मानिसका बीचमा रहेको अर्न्तसम्बन्ध लगायत स्वयम् सुकुम्बासीहरूको सामाजिक र आर्थिक पक्षहरूका बारेमा अध्ययन तथा अनुसन्धान गर्नका लागि यस क्षेत्रको चयन गरिएको छ । नवलपरासी जिल्ला नेपालको परिवेशमा हेर्दा एक तराई तथा ग्रामीण जिल्ला हो । त्यस जिल्लामा रहेको सुनवल नगरपालिका वडा नं. १० मा रहेका सुकुम्बासीहरूको जनजीवन निकै कष्टकर ढङ्गबाट अगाडि बढिरहेको सन्दर्भलाई यहाँ उजागर गर्न खोजिएको छ । नवलपरासी जिल्ला भित्र रहेको सुनवल नगरपालिकामा अवस्थित यस गैंडाखाल टोल तथा त्यहाँ बसोबास गर्ने सुकुम्बासीहरूमा रहेको गरिबी, अशिक्षा तथा आसमानता बारे

अध्ययन सम्बन्धित क्षेत्र वा पक्षबाट भएको नपाईएकोले साथै यहाँका सुकुम्बासीहरूका सामाजिक तथा आर्थिक स्थिति अति नै दयनिय भएकाले त्यहाँ बसोबास गर्ने व्यक्ति लगायत सम्पूर्ण नेपाली जनतालाई जानकारी मिल्न सकोस भन्ने हेतुले समेत यो अध्ययन क्षेत्रको छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

कुनै पनि अध्ययनको लागि अनुसन्धान ढाँचा निकै महत्वपूर्ण मानिन्छ । यस अध्ययनमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरि "सुकुम्बासी समस्याः कारण र असरहरू" शीर्षकमा केन्द्रित रही सुकुम्बासीहरूको सामाजिक तथा आर्थिक अवस्थाका बारेमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र श्रोतहरू

यस अध्ययनका लागि प्राथमिक तथा द्धितीय तथ्याङ्क संख्यात्मक र गुणात्मक तथ्याङ्कहरूको प्रयोग गरिएको छ । यसमा द्धितीय तथ्याङ्कको रूपमा विभिन्न पुस्तक, पत्रपत्रिका, नगरपालिका तथा वडा कार्यलयहरूमा राखिएको रेकर्डहरूबाट प्राप्त तथ्याङ्कको उपयोग गर्ने प्रयास गरिएको छ भने प्राथमिक तथ्याङ्कको लागि अनुसन्धानकर्ताद्वारा अध्ययन क्षेत्रमा गई स्वयं तथ्याङ्क संकलन गरिएको छ । सुकुम्बासीहरूको समाजशास्त्रीय अध्ययन विषष्यमा शोध अध्ययनको लागि निम्न २ किसिमका श्रोतहरू तथ्याङ्क संकलन गरिएको छ ।

### क. प्राथमिक तथ्याङ्क

यस अध्ययनका लागि प्राथमिक तथ्याङ्कको भूमिका महत्वपूर्ण हुने हुँदा अध्ययनलाई वास्तविक तहमा पुऱ्याउनका निम्ति प्राथमिक तथ्याङ्क संकलनको लागि अर्न्तवार्ता र अवलोकन आदि विधिको प्रयोग गरी प्राथमिक तथ्याङ्कको संकलन गरिएको छ ।

### ख. द्धितीय तथ्याङ्क

सुकुम्बासीहरूको समस्या समाधान सम्बन्धी अध्ययनको लागि उपलब्ध भएसम्म पुस्तकालय, पत्रपत्रिका आदिबाट आवश्यक ठानिएको तथ्याङ्कहरू संकलन गरिएको छ । साथै

नगरपालिका, वडा कार्यालय आदिमा रेकर्ड राखिएको तथ्याङ्कहरूलाई सक्दो मात्रामा संकलन गरी सहायक स्रोतको रूपमा प्रयोग गरिएको छ ।

## ३.४ समग्र र नमुना छनौट

यस अध्ययनका निम्ति तथ्याङ्क संकलन गर्दा नमुना छनौट गरि तथ्याङ्क संकलन गरिएको छ । नेपालमा सुकुम्बासीहरू प्रत्येक जिल्लाहरूमा रहेको पाइन्छ । सबै जिल्लाका सुकुम्बासीहरूलाई यो सानो अध्ययनमा समावेश गर्न सकिदैन । तसर्थ नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. १० गैंडाखाल टोलमा बसोबास गर्दै आएका जम्मा ४५९ घरहरू मध्ये १०० घरका सुकुम्बासीहरू मध्येबाट पनि २० प्रतिशत अर्थात् २० घरलाई सम्भाव्य नमुना छनौट विधि प्रयोग गरि नमुना छनौट गरिएको छ । यी सुकुम्बासीहरूका घरधुरीलाई ५/५ घर पर्ने गरी २० वटा समूह बनाई प्रत्येक समूहबाट १/१ घरधुरीलाई नमुनाको रूपमा छनौट गरिएको छ । प्रश्नावली भराउँदा युवा युवती बुढाबुढी र केही जानेका बुझेकाहरूलाई सहभागि गरिएको छ । त्यस्तै गरि तथ्याङ्क संकलन गर्दा जानकार व्यक्तिहरूलाई समेत सूचनाका श्रोतका रूपमा सहभागी गराइएको छ । अधिकांश सुकुम्बासीहरू ठीक तथा यथार्थपरक उत्तर दिन नसक्ने उत्तर दिनका लागि समय प्रदान गर्न नसक्ने देखिएकोले सम्भाव्य नुमना छनौटको प्रयोग गरिएको छ । यो नै छनौट गरिएका सुकुम्बासीसँग सम्पर्क गरी प्राप्त तथ्याङ्कको आधारमा उनीहरूको सामाजिक, आर्थिक अवस्थाको पनि विश्लेषण गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

तथ्याङ्क संकलन गर्ने विभिन्न विधिहरू मध्ये प्रस्तुत अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क लिनको लागि आवश्यकता अनुसार निम्न विधिहरूको प्रयोग गरिएको छ ।

### क. प्रश्नावली

यस शोध कार्यमा सुकुम्बासीहरूको जातिय परिचय, सामाजिक जनजीवनसँग सम्बन्धित पक्षहरू जातीय संस्कार, धार्मिक जनजीवन, शैक्षिक अवस्था आदि जस्ता विषयहरूका बारेमा कुल ४५९ घरका सुकुम्बासीहरू सबैलाई समावेश गर्न सम्भव

नभएकाले जम्मा १०० घरका सुकुम्बासीहरू मध्ये बाट २० घरलाई सम्भाव्य नमुना छनौट विधि प्रयोग गरि प्रश्नावलीको. माध्यमद्वारा सूचना सङ्कलन गरिएको छ ।

### ख. अर्न्तवार्ता

तथ्याङ्क संलकन गने विधिहरू मध्ये अर्न्तवार्ता एउटा प्रचलित विधि हो । कुनै पनि व्यक्तिको धारणा वा मान्यतालाई बुझ्न् यो विधि प्रयोग गरिएको छ । यस विधि अन्तर्गत अनुसन्धानकर्ता आफै सम्बन्धि क्षेत्रका सुकुम्बासीहरूलाई भेटेर आमुन्त्र सामुन्य भई अर्थसंरचित प्रश्नावली अनुसार छनौट परेका सुकुम्बासी उत्तरदातासँग प्रत्यक्ष प्रश्न गरिएको छ । यस्ता प्रश्नहरूमा तपाईको पूर्व बासस्थान कहाँ हो ? के कति कारणले बसोबास सार्नु भयो?: तपाईहरूलाई यस स्थान मन पर्नुको कारण के होला? तपाईहरूका समस्याहरू के छन्? तपाई के-कस्ता कारणहरूले सुकुम्बासी जीवन बिताउन बाध्य हुनु भएको छ? आदिका बारेमा प्रश्न गरिएको छ । साथै तिनीहरूको आर्थिक अवस्था शैक्षिक अवस्था पेशा आदिका बारेमा अर्धसंरचित प्रश्नहरू संकलन गरि छनौटमा गरेका २० परिवारका घरमूलीहरूको अर्न्तवार्ता गरिएको छ । यसरी अर्न्तवार्ताको माध्यमबाट नै शोध कार्यमा भरपर्दो प्राथमिक तथ्याङ्क प्राप्त गरिएको छ ।

### ग. अवलोकन

अवलोकन विधि गुणात्मक तथ्याङ्क संकलनका लागि महत्वपूर्ण विधि मानिन्छ । छनौटमा परेका २० घरपरिवारका सुकुम्बासीहरूको वास्तविक जीवनचक्र के - कसरी चलेको छ ।तिनीहरूको अवस्था, खानपान, घरको स्थिति के-कस्तो छ भन्नेबारे प्रत्यक्ष अवलोकन पश्चात देखेका, अनुभव गरिएका कुराहरू संकलन गरिएको छ । यसरी अवलोकन गर्दा सुकुम्बासीहरूको सामाजिक आर्थिक अवस्था र महिला तथा बालबालिका प्रति पनि सामान्य ध्यान पुऱ्याइएको छ । अवलोकन विधिको प्रयोग गरि गुणात्मक तथ्याङ्क द्वारा उनीहरूको वास्तविक अवस्थाको जानकारी लिइएको छ ।

### घ. जानकार व्यक्तिसँगको छलफल

यस अनुसन्धानको क्रममा सुकुम्बासीहरूका विभिन्न पक्षका बारेमा जानकारी प्राप्त गर्ने उद्देश्यले सुकुम्बासी समूहका अतिरिक्त स्थानीय जानकारी प्राप्त व्यक्तिहरू सँग समेत

सामूहिक छलफलको माध्यमबाट विभिन्न किसिमका तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको छ ।

### ३.६ अध्ययनको सीमा

हरेक अध्ययन अनुसन्धानको आफ्नै सीमाहरू हुने भएकोले यही सीमाभीत्र रहेर यसलाई सीमाबद्ध गर्नुपर्ने आवश्यकता रहन्छ । अनुसन्धान कार्य हुनाले यसबाट प्राप्त परिणाम र व्याख्या पनि ति अवस्थामा मात्र सामान्यीकरण हुनसक्छ साथै अध्ययन पद्धति अनुसार बनाएको योजना जस्तो प्रकारको हुन्छ त्यसको कार्य सम्पादन र प्राप्त हुने परिणामहरू सोही अनुरूप हुन्छ ।

प्रस्तुत अध्ययन नवलपरासी जिल्लाको सुनवल नगरपालिका वडा नं. १० स्थित गैंडाखालका सुकुम्बासी समस्या कारण र असरहरूमा मात्र सीमित रहेको छ । उक्त क्षेत्रमा बसोबास गर्दै आएका सुकुम्बासीहरूको सामाजिक र आर्थिक अवस्थामा मात्र सीमित रहेको छ । साथै यस अध्ययनमा निम्न लिखित सीमाहरू रहेको छन् ।

क. यो अध्ययन नवलपरासी जिल्लाको सुनवल नगरपालिकामा केन्द्रित रहेको छ भने उत्तरदाताहरू सुकुम्बासीहरू रहेका छन् । अर्थात् यस अध्ययनले सुनवल नगरपालिका वडा १० मा रहेका सुकुम्बासीहरू बाहेक अरु वडाका सुकुम्बासीहरूको अध्ययनलाई समेट्न सकेको छैन ।

ख. अध्ययनको लागि आवश्यक पर्ने श्रोत साधन सिमित हुने भएकोले यो अध्ययन एक सिमित क्षेत्रमा र सीमित साधनको माध्यमबाट सिमित रहेको छ ।

ग. अध्ययनका क्रममा सन्दर्भ सामग्री पर्याप्त मात्रामा उपलब्ध नहुनु र विशेष गरेर त्रिभुवन विश्वविद्यालयको लागि स्थातकोत्तर तहको उपलब्धी हासिल गर्नको लागि मात्र तयार पारिएको वा शोध पत्रमा मात्र आधारित हुनुपर्ने बाध्यता पनि यस अध्ययनको सीमाको रूपमा रहेको छ ।

घ. आजको परिवर्तनशील संसारमा कतिपय कुराहरू क्षणभरमा नै फेरबदल हुने गर्दछन् । निश्चित समयमा गरिने अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाहरू भोलीका

अन्य दिनहरूमा जस्ताको तस्तै नपाइन पनि सक्नेछन् । यो पनि एउटा यस अध्ययनको सीमा हो ।

### ३.७ तथ्याङ्कको प्रमाणिकता र विश्वसनीयता

अनुसन्धान कार्यमा प्रयोग गरिने सिद्धान्त तथा प्रविधिहरू समाजशास्त्रीय सिद्धान्त अन्तर्गत रहि गरिएको छ । जसले गर्दा तथ्याङ्कहरू विश्वसनीय र प्रमाणित हुन सक्दछ । अध्ययन गर्दा बढी प्राथमिक स्रोत मै आधारित रहेर गरिएको छ । जसले गर्दा शोधकार्यलाई बढी प्रभावकारी र विश्वसनीय बनाउँदछ । साथै अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई स्थानीय मानिस जानकारहरू सँग प्रत्यक्षरूपमा अर्न्तवार्ता गरि अध्ययन गर्ने हुँदा पुर्वाग्रह रहित र प्रमाणित मानी शोधपत्रमा समावेश गरिएको छ । कुनै पनि काल्पनिक र बनावटी तथ्यहरूको प्रयोग गरिएको छैन । यस अनुसन्धान कार्यलाई बढी भन्दा बढी प्रमाणिक र विश्वसनीय बनाइएको छ ।

### ३.८ नैतिक आचरण

यस शोध अध्ययनको पूर्णताको निम्ति शोधकर्ता स्वयम् अध्ययन छनौट क्षेत्रमा गई अध्ययनमा प्रत्यक्ष सहभागी रहेको छ । सो समाजको मूल्य, मान्यता, चालचलनालाई आत्मसाथ गरी गोपनीयताको विषयमा सजग रहेको छ । अध्ययन विषय वस्तुका लागि चाहिने आवश्यक तथ्याङ्क माथि उल्लेखित सैद्धान्तिक आधार, अनुसन्धानको ढाँचा, तथ्याङ्क संकलनका विधिहरूलाई बढि भन्दा बढी विश्वसनीयता र प्रमाणिकता बनाई बाह्य चल र परिवर्त्यहरूको नियन्त्रणमा विशेष ध्यान दिएको छ । यस शोध अध्ययनलाई कुनै लाभको प्रयोजनको लागि प्रयोग गरिएको छैन ।

## ४. तथ्याङ्कको व्याख्या तथा विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानको सफलताको लागि सङ्कलन गरिएका तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरणमा भर पर्दछ । जुनसुकै अध्ययनमा पनि तथ्याङ्कको महत्वपूर्ण भूमिका रहेको हुन्छ । किनकी अनुसन्धानको निष्कर्ष नै तथ्याङ्कको विश्लेषण र व्याख्याबाट निस्कने हुनाले तथ्याङ्क संकलन र यसको व्याख्या त्रुटीरहति ढंगबाट गरिएको छ । तथ्याङ्क संकलनका क्रममा प्राथमिक र द्धितीय श्रोतको आधारमा संकलन गरिएको

तथ्याङ्कहरूलाई सर्तकताका साथ तालिकाबद्ध गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरेको छ ।अध्ययन अनुसन्धान भनेको प्राप्त तथ्याङ्कहरूलाई वर्गीकरण विश्लेषण र व्याख्या गरी निर्णयमा पुग्नु हो । यस अध्ययनबाट प्राप्त तथ्यहरूलाई तिनीहरुको विशेषताका आधारमा वर्गीकरण गरि आवश्यक अनुसार तालिकीकरण र प्रतिशत आदिको आधारमा विश्लेषण गरिने छ । अध्ययन क्षेत्रबाट संकलनक गरेर ल्याएका तथ्याङ्कहरूलाई जस्ताको त्यस्तै अनुसन्धानमा समावेश नगरी पहिले संकलन गरिएका तथ्याङ्कहरूलाई सावधानीपूर्वक प्रशोधनको कार्य गर्ने गरिएको छ । जसमा शोधकर्ता बोल्नु भन्दा पनि अध्ययनका सिलसिलामा संकल गरिएका तथ्याङ्क प्रशोधन गरी राखिएको तथ्याङ्कले अनुसन्धानको निष्कर्षको लागि सूचक प्रदान गर्ने खालको हुनेछ र सोही तथ्याङ्कले देखाएका सूचाङ्कको आधारमा व्याख्या विश्लेषण गरिएको छ । अतः त्रुटी रहित ढंगबाट तथ्याङ्क संकलन देखि प्रशोधनसम्म र विशेष सावधानीका साथ तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्ने प्रयास शोधकर्ताको रहेको छ ।

# अध्याय : चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४. सुनवल नगरपालिकाको परिचय

### ४.१ सुनवल नगरपालिकाको ऐतिहासिक पृष्ठभुमि

यस सुनवल नगरपालिकाको नाम सुवनल नै किन रह्यो भन्ने कुनै ऐतिहासिक लेख तथा अभिलेखहरू नभएता पनि अग्रजहरूको जनश्रुति अनुसार हाल रामनगर गाउँ विकास समितिमा अवस्थित बर्दगोरिया भन्ने ठाउँमा बाबा अमरनाथ बस्नुहुन्थ्यो र त्यहाँ उहाँले एउटा अमर पोखरी पनि खन्नु भएको रहेछ । बाबा अमरनाथले एउटा बसाह साँढे पनि पाल्नु भएको थियो । जसको घाँटीमा सुनको हार थियो र भगवान शिवको बहानको रूपमा पुजेर राख्नु भएको थियो । उक्त साढेसँग उहाँले कुरा पनि गर्नुहुन्थ्यो रे । त्यत्तिकै समयमा नै हिन्दुहरूलाई मुस्लिमहरूले दुख दिईरहेको अवस्था भएको हुनाले बाबा अमरनाथले तिमीलाई कही कतै शरीरमा घाउ चोटपटक लाग्यो भने यो अमरनाथ पोखरीमा आएर नुहाउनु त्यसपछि सबै ठिक हुन्छ भन्ने बरदान दिनु भएको रहेछ । उक्त साँढे दैनिक चर्नको लागि विभिन्न ठाउँमा जान्थ्यो । एक दिनचर्न जाने क्रममा नैहालको रुपन्देही जिल्लामा रहेको भलुहीतिर जंगलमा चर्दै गर्दा शत्रुहरूले बन्चाराले उक्त साँढेको घाँटीबाट काटिदिएछ । बाबा अमरनाथले दिएको बरदान अनुसार नै उक्त साँढे बर्दगोरिया आउनलाई प्रयास गरेको रहेछ । जहाँ घाटीबाट काटियो त्यहाँ टाउको खस्यो आउँदै गर्दा अहिले सुनवल नगरपालिका रहेको ठाउँम उक्त साँढेले लगाएको सुनको हार खस्यो तै पनि उक्त साढँ बर्दगोरिया जान प्रयास गरिरह्यो । त्यसरी नै जहाँ सुनको हार खसेको थियो त्यो ठाउँलाई सुनहार भन्न थालियो । समय वित्दै जाँदा उक्त सुनहार भन्ने नाउँ पनि सुनहल भयो र अहिले अप्रभंश भई सुनवल भएको छ र त्यसैबाट सुनवल नामाकरण भएको भन्ने जनश्रुति रहेको छ ।

यसरी नै सुनवल नगरपालिकाको नाम कृषिसँग पनि सम्बन्धित रहेको छ । सुनवल नगरपाकिलाको अधिकांशभागहरू तराईमा पर्ने र सुन जस्तै धानको बाला फल्ने भएकाले सुनको बाला भन्दा भन्दै सुनवाला भन्न थालियो र पश्चात सुनवल भनियो र अन्त्यमा ठाउँको नाम नै सुनवल रहन पुग्यो ।

सुनवल नगरपालिका भौगोलिक हिसाबले पहाड देखि तराई सम्म फैंलिएको छ । तराईको काशिपुर देखि पहाडको महलपोखरीको आफ्नै छुट्टै विशेषता रहेको छ । परापुर्व कालदेखि नै यस नगरपलिका प्राकृतिक, सांस्कृतिक र धार्मिक विशेषताले भरिपुर्ण रहेको नगरपालिका हो । यस नगरपालिका धार्मिक र सांस्कृतिक सहिष्णुताको एक नमुना पनि हो । यहाँ विभिन्न जातजातिका गरी २५ भन्दा बढी जातजातिहरूको बसोबास रहेको छ । विभिन्न धर्मालम्वीहरूको बसोबास रहेको छ र आ-आफ्नो धर्म र संस्कार अनुसार विभिन्न चाडपर्वहरू मनाउजने गर्दछन् । भजनकीर्तन, चारुनाँच, लाखेनाँच, वालन आदि यहाँका सांस्कृतिक सम्पत्तिहरू हुन् ।

सुनवल नगरपालिकाको वस्तुगत विवरण- २०७३

## ४.२ सुनवल नगरपालिकाको भौगोलिक अवस्थिती

नेपालको मध्ये भागमा रहेको जिल्लाहरूमध्ये नवलपरासी पहाड, तराई, मधेस र भित्रीमधेश सम्म फैलिएको एक जिल्ला हो । भौगोलिक विविधताले भरिपूर्ण यस जिल्लामा ६ नगरपालिका सहित ५९ वटा गाउँ विकास समितिहरू रहेका छन् । ती ६ वटा नगरपालिका मध्ये २७°३५" उत्तरी अक्षांश देखि २७°४" उत्तरी अक्षांस सम्म तथा ८३°३७" पूर्वी देशान्तर देखि ८३°४२" पुर्वी देशान्तरसम्म फैलिएको यस सुनवल नगरपालिका नवलपरासी जिल्लाको उत्तर पश्चिमी भागमा पर्दछ । वि.सं. २०७१ वैशाख २५ गेत नेपाल सरकारले गरेको घोषणा अनुसार थप गरिएका ७२ नयाँ नगरपालिका मध्ये सुनवल पनि एक नयाँ नगरपालिका हो । सुनवल गा.वि.सं. र स्वाठी गा.वि.सं. गरी २ गा.वि.सं. मिलेर बनेको यस नगरपालिका पाल्ला जिल्लासँग सिमाना जोडिएको उत्तरी चुरेपर्वतमालाबाट दक्षिणको मधेसमम्म फैलिएको छ । समुद्री सतहबाट १३८ मिटर देखि १०२३ मिटर सम्म उचाईमा रहेको यस सुनगवल नगरपालिका सच्चिकै आदर्शको रूपमा रहेको छ । सबैभन्दा अग्लो भाग महलपोखरी १०२३ मिटरको र कम काशिपुर १३८ मिटरको उचाईमा रहेको छ । उत्तर दक्षिणमा औषत दुरी १५ कि.मि र पूर्व पश्चिमको औषत दुरी करिब १२ कि.मि रहेको छ जहाँ नेपालको पूर्वपश्चिम जोड्ने महेन्द्र राजमार्गले मध्य भाग हुँदै पार गरेको छ ।

पूर्वमा रामनगर गाउँ विकास समिति, पश्चिममा रूपन्देही जिल्लाको देवदह नगरपालिका, उत्तरमा पाल्पा जिल्लाको गोठादी गाउँ विकास समिति पर्दछ, भने दक्षिणमा

यसै जिल्लाको रामग्राम नगरपालिका, बञ्जरिया र अमरौठ गाउँ विकास समिति पर्दछन् । यस नगरपालिकामा यातायातको साधनहरूको सहज पहुँच रहेकोले निजि तथा सार्वजनिक सवारी साधनको  माध्यमबाट सहज रूपमा पुग्न सकिन्छ । जिल्लाको जम्मा क्षेत्रफल २१६२ वर्ग किलोमिटर मध्ये यस नगरपालिका १२१.२२ वर्ग किलोमिटर मा फैलिएको छ । २०७१ असार मसान्तमा गरिएको घरधुरी सर्वेक्षण अनुसार २३४२० महिला र २३३८३ पुरुष गरी कुल ४७१०३ जनसंख्या रहेको छ । जिल्लाको सुगम नगरपालिका अन्तर्गत नै पर्ने हुनाले विकासको अधिकांश पूर्वाधारहरू पुगेको भए तापनि पर्याप्त भने नभएको देखिन्छ ।

**तालिका नं. १ : वर्तमान भू- उपयोग सम्बन्धित विवरण**

| क्र.सं. | विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | १८६६ | १५.६३ |
| २ | वन तथा चरन क्षेत्र | ६६६६ | ५५.८४ |
| ३ | आवास क्षेत्र | २९५ | २.४७ |
| ४ | नदिनालाले ओगटेको क्षेत्र | २६० | २.१७ |
| ५ | औद्योगिक क्षेत्र | ८० | ०.६७ |
| ६ | सडकले ओगटेको क्षेत्र | २९५ | २.४७ |
| ७ | अन्य | २४७४ | २०.७२ |
| | जम्मा | ११९३६ | १०० |

श्रोतः सुनवल नगरपालिकाको वस्तुगत विवरण २०७३

सुकुम्बासी समस्याले सम्पूर्ण नेपाल नै अछुतो रहन सकेन जसमध्ये नवलपरासी जिल्ला सुनवल नगरपालिका अन्तर्गतको वडा नं. १० स्थित गैँडाखाल टोल पनि एक रहयो । यस गैँडाखाल टोल समथर उर्वर भूमिले समृद्ध छ । यहाँका मुख्य बासीन्दाहरूमा ब्राम्ह्मण क्षेत्री, नेवार, थारु, तथा दलित जातिहरू रहेका छन् । यहाँ अत्यधिक मात्रामा हिन्दु बौद्ध र किश्चियन धर्मालम्बीहरू रहेका छन् । यस अध्ययन गर्न लागिएको वडा नं. १० स्थित गैँडाखाल टोलका सुकुम्बासीहरू दलित जातिहरू बढी संख्यामा रहेका छन् ।

यस बस्तीमा चैत्र, बैशाख र जेष्ठ महिनामा बढि गर्मी हुने र पुष, माघ महिनामा बढि जाँडो हुने गरेको पाइन्छ । यस ठाउँमा ठूला खोलाहरू नभएको तर साना-साना खोलाहरू भने रहेका छन् । यस नगरपालिकाको २०७३ साल असार मसान्तमा गरिएको घरधुरी सर्वेक्षण अनुसार २३४२० महिला र २३३८३ पुरुष गरी कुल ४७१०३ जनसंख्या रहेको छ । जसमा वडा नं. १० गैंडाखाल को घरधुरी संख्या ४५९ र कुल जनसंख्या २८१३ रहेको पाइयो । जसमध्ये १४३९ पुरुष र १३७४ महिला रहेको पाइन्छ (सुनवल नगरपालिकाको वस्तुगत विवरण-२०७३) । सुनवल बजारबाट करिब पश्चिम/दक्षिण तर्फ १ १/२ कि.लो मिटर को दुरीमा यो टोल रहेको छ । यस नगरपालिकाको १० वटा वडाहरू मध्ये सबै भन्दा बढि सुकुम्बासी बस्ती भएको वडा नं. १० गैंडाखाल टोल हो । यहाँको बस्ती बी.सं. २०३६ साल बाट सुरु भएको र त्यतीबेला जम्मा ३२ घर मात्र रहेको र २०४१ साल बीचमा १४० घर भए र हाल अहिले आएर क्रमिक रूपमा बढेर ४५९ घरधुरी रहेको पाइयो । यस वडामा वि.सं. २०६० साल देखि यता आएर जनचेतना राजनीतिक चेतनाले गर्दा अरु सुकुम्बासी बस्ती भन्दा फरक रहेको पाइयो । यहाँको मानिसहरूको मुख्य आय स्रोतको रूपमा कृर्षि, व्यापार र विदेश जानु नै रहेको थियो । तर औसत रूपमा कृषि पेशामा नै बढि जनसंख्या संलग्न रहेको देखियो । विदेश गएकाले गर्दा आर्थिक स्थिति राम्रै भएर होला कतिपय घरहरू राम्रा र पक्की पनि देखिए भने कतिपय घरहरू स-साना खरले छाएका झुप्रा पनि देखिए । यस बस्तीमा बिजुली बत्तिको व्यवस्था, खानेपानीको व्यवस्था, शौचालयको व्यवस्था रहेको तर बाटो भने पिच नभएको रहेको पाइयो । यस वडामा जनजाति/दलित भएकाले शिक्षाको कमि प्रारम्भिक शिक्षा लिने तर ५/८ पढेपछि बिचमै छोड्ने अवस्था र कृर्षि पेशामा लाग्ने अथवा विदेश जाने गरेको पाइयो ।

यस वडामा देवलाय र मन्दिरहरू भएबाट धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ । भौतिक विकासको पूर्वधारको निम्ति बाटो घाटो अति नै महत्वपूर्ण मानिन्छ । तर उक्त ठाउँमा कच्ची बाटाहरू रहेबाट जनजीवन प्रभावित बनेको छ । खानेपानी लिन टाढा जान नपर्ने र १००० रूपैयाँ extra धरौटी राखे खानेपानी को धारा उपलब्ध हुन सक्ने बताएका छन् । विद्युतको राम्रै सुविधा भए तापनि यहाँका सुकुम्बासीहरू आफू बस्दै आएको जग्गाको लालपुर्जा नभएका कारण उक्त सुविधा लिनबाट बञ्चित भएको बताएका छन् । यहाँ साना हेल्थपोष्ट भए तापनि सामान्य उपचार भन्दा बढी यसले गर्न नसक्दा सम्बन्धित ठाउँमा नै जानु परेको बताउँछन् । आर्थिक विकासको मेरूदण्ड शिक्षा नै भएको कारण

उच्वल भविष्यको निर्माणार्थ यहाँ मानिसहरूको मन शिक्षाको उज्यालो किरण तर्फ अग्रसर रहेको पाइयो तर ५/८ पढेपछि बिचमै छोड्ने र कृषि पेशामा संलग्न हुने या पुरुषहरू १८/१९ वर्ष पछि  विदेश जाने गरेको बताउँछन् ।  यहाँ राईस उद्योग, मिलको स्थापना भएबाट केही संख्यामा यस ठाउँका बासीन्दाले रोजगारी पाई केही राहत मिलेको बताउँछन् ।

यस वडामा बाहिरी जिल्लाबाट भन्दा यही जिल्ला भित्रबाट आउने मानिसहरूको संख्या अधिक रहेको छ । यहाँका बासीन्दाहरूमा ब्राम्ह्ण, क्षेत्री, दमै, कामी, सार्की, थारु लगायत अन्य विभिन्न जातिहरूको बाहुल्यता रहेको छ । विभिन्न जात जाती, धर्म, संस्कृति र विभिन्न सम्प्रदायका मानिसहरू एउटा सानो क्षेत्रमा आपसी मेलमिलापका साथ बसोबास गरेबाट यो क्षेत्र अनेकतामा एकताको प्रतिक हुन आउँछ ।

# अध्याय : पाँच

# सुकुम्बासी हुनुका कारणहरू र विविध क्षेत्रमा परेको असरहरू

## ५.१ सुकुम्बासी हुनुका कारणहरू

वर्तमान परिवेशमा सुकुम्बासी एउटा जटिल समस्याका रूपमा रहेको छ । सुकुम्बासी सम्बन्धी समस्याहरू समाज भित्रको परिवेश अन्तर्गत पर्दछ । विशेष गरी शहरीकरणको बृद्धि हुनु अर्थात् आर्कषणका कारणहरू द्वारा बसाईसराइम प्रभाव पर्नु जसले गर्दा विकसित ठाउँमा जनसंख्याको चाप बढ्दै गएको पाइन्छ । जनसंख्या वृद्धि, प्राकृतिक प्रकोप (बाढी, पहिरो, भू-क्षय आदि) सामन्ती उत्पीडन (साहु महार्जनको आर्थिक शोषण) सामाजिक चलन, भुमिको अभाव, भएको जमिन छोडेर, घरवारी लिलाम, लालपूर्जा नहुनु जस्ता कारणहरूले आफूहरू बस्दै आएको जमिन छोडी काम र बाँसको खोजीम यस ठाउँमा सरकारी जमिन ओगटी स-साना छाप्राहरू बनाई जिवीकोपार्जन गर्दै आएका छन् । शुरुमा थोरै संख्यामा रहेका सुकुम्बासी समस्या प्रति सरकारी तथा गैरसरकारी कुनै पनि पक्षले ध्यान दिएन भने पछि गएर यसको चाप बढेर शहर तथा ग्रामीण क्षेत्रमा सरकारी जमिन तथा खाली भएका जमिनहरूमा स-साना छाप्रा बनाइ बस्ने बस्तीहरू धेरै देखिन थालेपछि सुकुम्बासी एउटा समस्याको रूपमा देखा पर्न थाल्यो ।

वि.सं. २००७ सालसम्म तराई प्रदेश घना जङ्गलले ढाकेको हुनाले त्यस ठाउँमा मानिसहरू आउनेक्रम कम थियो । देशका अधिकाश मानिसहरू पहाडी र हिमाली प्रदेशमा बसोबास गर्दथ्ये । बिस्तारै- बिस्तारै राजनैतिक परिवर्तन पछि राणाकालमा लगाईएका आवात-जावतको बन्देज हटाइए पछि तराईम पूर्नवास कार्यक्रम सञ्चालन भयो । जसको परिणाम स्वरुप तराई प्रदेशमा मानिसहरूको आर्कषण बद्न थाल्यो । हिमाली र पहाडी प्रदेशको गरीबी, भौगोलिक अवस्था, यातायात, सञ्चारको असुविधा, स्वास्थ्य सेवा र सुविधाको अभाव, कष्टप्रद जीवन पद्धति आदि हुनु र तराई क्षेत्रमा औलो उन्मूलन, विकासका पूर्वाधारको सृजना, स्वास्थ्य, शिक्षा, यातायात आदिको सुविधाका कारणले तराई प्रदेशमा बसाईसराईको गतिविधि बढि भएको पाइन्छ । अर्थात् शहरीकरणले स्तरीय जीवन व्यतित, शिक्षा, स्वास्थ्य सेवाको विस्तार यातायात र सञ्चारको विकासमा सकारात्मक प्रभाव पार्ने हुनाले विकास देखि टाढा रहेका जनसमुदायका मानिसहरू राम्रो सुविधा उपभोग

गरी जीवन चलाउने आशामा आफुहरु बस्दै आएको ठाउँ सस्तो मूल्यमा बेची शहरतिर सोही मूल्यमा जग्गा नपाइनु र कोठामा बस्नु अनि पैसा सकिएपछि खाली जमिनमा स-साना टहरा बनाई जीवन चलाउने सुकुम्बासी समेत भेटिएका छन् । सुनवल नगरपालिका वडा नं. १० स्थित गैँडाखालका सुकुम्बासीहरूको अध्ययन गर्दा सुकुम्बासी हुनुका कारण बताउने घरसंख्याको तालिका तल प्रंस्तुत गरिएको छ ।

**तालिका नं. २ : सुकुम्बासी हुनुका कारणहरू**

| क्र.सं. | विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | जनसंख्या वृद्धि | १ | ५ | ४ | २० | ५ | २५ |
| २ | प्राकृतिक प्रकोप | २ | १० | २ | १० | ४ | २० |
| ३ | घरवारी लिलाम | - | | १ | ५ | १ | ५ |
| ४ | आर्थिक शोषण | - | | १ | ५ | १ | ५ |
| ५ | सामाजिक चलन | ३ | १५ | १ | ५ | ४ | २० |
| ६ | भूमिको अभाव | - | | २ | १० | २ | १० |
| ७ | लालपूर्जा नहुनु | - | | १ | ५ | १ | ५ |
| ८ | भएको जमिन छोडेर | - | | २ | १० | २ | १० |
| | जम्मा | ६ | ३० | १४ | ७० | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २ मा सुकुम्बासी हुनुका कारणहरूको उत्तरदाता संख्या प्रस्तुत गरिएको छ । जनसंख्या वृद्धिको कारण सुकुम्बासी बनेको बताउने परिवार संख्या सबै भन्द धैरै अर्थात २५ प्रतिशत, दोस्रोमा प्राकृति प्रकोप र सामाजिक चलनले बताउने २०/२० प्रतिशत, भूमिको अभाव र भएको जमिन छोडेर भन्ने परिवार १०/१० प्रतिशत, घरवारी लिलाम, आर्थिक शोषण, लालपूर्जा नहुने बताउने परिवार ५/५ प्रतिशत रहेको पाइयो ।

### ५.१.१ जनसंख्या वृद्धि

जनसंख्या वृद्धिका कारणहरूमा सामाजिक र आर्थिक कारणहरू प्रमुख मानिन्छन् । सामाजिक कारणहरू अन्तर्गत विवाहको व्यापकता, संयुक्त परिवार, अज्ञानता र

अन्धविश्वास, गर्भ निरोधक साधनहरूको प्रयोग सम्बन्धी धारणा, छोराको चाहना रहेका छन् भने आर्थिक कारणहरूमा गरिबी तथा परिवारको आर्थिक अवस्था र पेशा प्रमुख रहेका छन् ।

समाजम विवाहलाई अनिवार्य सामाजिक संस्कारको रूपमा लिइएको पाइन्छ । समाजमा वंश परम्परालाई निरन्तरता दिन, नाता-सम्बन्ध बढाउन, यौन सम्बन्ध स्थापित गर्न, सन्तानको जन्म दिन र परिवारको स्थापन गर्न प्रत्येक पुरुष र स्त्रीले विवाह गर्ने पर्छ । यसप्कार हाम्रो समाजमा विवाहलाई महत्व दिइनु र छिटो सन्तानको जन्म दिनु पर्ने कारणले जनसंख्य बढ्न गएको पाइन्छ । एउटा परिवारको सीमित भूमिमा जन्मसँगै हुर्कन बढाउन देखि लिएर छुट्टिभिन्न प्रकृयामा सोहि भूमिमा भाग लगाउँदै जाँदा भूमिहिन भई सुकुम्बासी जीवन बीताउन बाध्य भएका छन् ।

संयुक्त परिवार प्रथाले सानै उमेरमा विवाह गर्ने र छिट्टै बच्चा जन्माउन प्रेरित गर्छ । यसबाट बाबु- आमालाई बच्चा हुर्काउन र पालनपोषण गर्न बोझ हुँदैन जसले तिव्र जनसंख्या वृद्धि गर्न सहयोग गर्छ । हाम्रो समाजमा अझै पनि धेरै मानिसहरू अशिक्षित छन् जसका कारण उनीहरू ठूलो परिवारको आकार र जनसंख्या वृद्धिबाट परिवार र समाजलाई पार्ने असरहरूको जानकारीबाट बञ्चित भएकाले जनसंख्याको चाप बढि रहेको छ । विशेष गरी ग्रामिण समाजमा बच्चा पाउनु ईश्वरको आर्शिवादको रूपमा लिने र जन्म नियन्त्रण गर्न नहुने अन्धविश्वासका कारण पनि जनसंख्या वृद्धि भएको छ ।

नेपाली समाज पितृप्रधान भएबाट वंश परम्परालाई निरन्तरता दिन, आमा-बाबुको मृत्युपछि पिण्डपानी दिन, परिवारलाई निरन्तरता दिन छोराको जन्मलाई अपरिहार्य मानिन्छ । शिक्षित व्यक्तिमा समेत छोराको चाहना गहिरो भएकाले छोरा नहुन्जेल सन्तानको जन्म दिदै जाँदा जनसंख्या तिव्र रहेको पाइन्छ ।

कृषि पेशामा संलग्न परिवारका सदस्यहरूले धेरै सन्तानको जन्म दिन्छन अन्य पेशामा रहेका परिवारले भन्दा किनभने घरायसी काम गर्न सजिलो हुने धारणाले धेरै सन्तान जन्म दिन प्रेरित हुने कारणले जनसंख्या वृद्धि उच्च रहेको पाइयो । जसबाट भूमिको अभावसँगै सुकुम्वासी जीवन बिताएको पाइन्छ ।

समयको परिवर्तनसँगै बढदो जनसंख्यालाई नियन्त्रण गर्नको लागि नेपाल सरकारले विभिन्न कार्यक्रम मार्फत स्वयंसेवकहरु घरघरैमा गई परिवा नियोजनको अस्थायी साधनहरु

उपलब्ध गराई राय सल्लाह दिएबाट पछिल्लो पिढीका वर्गहरूले पहिलाको तुलनामा समग्र दुई वटा बच्चाहरू  मात्र जन्माउनाले जनसंख्यको वृद्धिदरमा केही कमी आएको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.१.२ प्राकृतिक प्रकोप

हाम्रो देश नेपाल भौगोलिक विविधताले युक्त भएको हुनाले वर्षेनी प्राकृतिक प्रकोपका कारण हजारौ मानिसहरू घरवार विहिन भई सुकुम्बासी जीवन बिताउन बाध्य भएका छन् । यस स्थानका मानिसहरू पनि पैरोका कारण बसेको ठाउँ छोडी यहाँ बस्दै आएका पाइयो । प्राकृतिक प्रकोपलाई सामाजिक अध्ययन क्षेत्रमा राखेर अध्ययन गरिएको छ (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.१.३ घरवारी लिलाम

जीवनयापनको क्रमसँगै यस स्थानका बासीन्दाहरूले कृषि खेती गर्न कृर्षि बैङ्कमा आफ्नो सम्पत्तिको रूपमा जग्गा धितो राखी पैसा निकाली केही रकम कृर्षि क्षेत्रमा लगानी गरे र केही रकम घरायस कामम खर्च गरे ।  कृर्षि पेशामा लगानी अनुसारको उत्पादन भएन अर्थात् घाटा भयो भने उता बैङ्कको किस्ताबन्धी रकम समयमा तिर्न नसक्दा जरिवाना जागेर आफ्नो सम्पत्ति बराबरको रकम भएबाट जग्गधनीको सहमतीमा बैङ्कले जग्गा लिलाम गऱ्यो अर्थात ऋृण लिने किसानको जग्गा कब्जा गरेबाट आफूहरूले बाँस उठाउन परेर यस स्थनमा सुकुम्बासी जीवन बिताउदै आएको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.१.४ आर्थिक शोषण

आफूहरू बसोबास गर्दै आएको ठाउँमा दैनिक गुजारा चलाउन त्यसै बस्तीका धनीमनीको घरहरूमा काम गर्नुपर्ने तथा आफ्ना पूर्खाले गर्दै आएको काम तिनै सम्पन्नशाली व्यक्तिका घरहरूमा आफूहरूले पनि काम गर्दै जाने परम्परा रहेको थियो । यसरी गरिने कामको उचित मूल्याङ्कन गरि पैसा नदिनु र त्यसमा उनीहरूले कुनै प्रतिकार पनि नगर्ने किनभने भोली पनि त्यीनै घरमा काम गरि जीवन चलाउन पर्ने हुँदा सधै शोषणमा पर्ने गरेकाले कहिल्यै आर्थिक अवस्था माथि  उठाउन नसकेबाट उक्त ठाउँ छोडी यस स्थानमा सुकुम्बासी जीवन बिताउँदै आएको पनि पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.१.५ सामाजिक चलन

हाम्रो समाजको मूल्य, मान्यता कायम गर्नकालागि समय समयमा आउने चाडपर्व मान्न, छोरा-छोरीको विवाह आदि कार्यका लागि समाजका गरिब वर्गले त्यीनै समाजका धनी तथा शाहु कहाँ बाट ऋण माग्ने गरेको त्यसलाई समयमा तिर्न नसक्दा उनीहरूको चर्को  व्याज र व्याजको स्याज कायम गर्दा धेरै भएको रकम असुल्नको लागि ऋणीहरूको भएको जमिन साहुले कब्जा गरे जसका कारण यस स्थानमा सुकुम्बासी जीवन बिताउँदे आएको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.१.६ भूमिको अभाव

परापूर्वक कालदेखि नै समाजका तल्ला वर्ग अर्थात् गरिब तथा दलित जो छन् तिनीहरूलाई राज्यद्वारा सेवकका रूपमा लिने चलनबाट उनीहरूसँग जमिन नरहेको वा भूमिको अभाव रहेको पाइयो । समाजक उच्च वर्गको सेव गर्नु वा उनीहरूको घरमा काम गरे वापत आफ्नो गुजारा चल्ने प्रकृयाबाट पुस्तौ पुस्तादेखि भुमिको अभाव भएको पाइयो । जसकारण उनीहरू गरिब तथ सुकुम्बासी हुनु परेको भेटियो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.१.७ लालपूर्जा नहुनु

आफ्ना बाबु बाजे जंगल फडाँनी गरि बस्ती बसालेका र उनीहरूको मृत्यु भए पश्चात् लालपूर्जा सम्बन्धित केही जानकारी आँफूहरूलाई नभएकोले उक्त ठाउँमा खेतीपाती पहिलाको तुलनामा कम हुँदै जानु साथै जंगली जनावरको पनि चाप भएबाट बसीरहेको ठाउँ छोडी यस स्थानमा सुकुम्बासी जीवन बिताउँदै आएका परिवार संख्या पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.१.८ भएको जमिन छोडेर

पहिला बसेको ठाउँमा यातायात असुविधा, स्वास्थ्य, शिक्षा, गाँस-बाँसको समस्या भएबाट आफूहरू यस स्थानमा सुकुम्बासी जीवन बिताउन बाध्य भएका छन् । यस्ता सुकुम्बासीहरू बढी आर्कषणका कारणहरूले बसाई सरेको पाइयो । जस्तै शिक्षा, स्वास्थ्य,

यातायात, खानेपानी, रोजगारी आदिको सुविधाले बसोबास गरेको जमिन छोडी सुकुम्बासी भएका परिवारहरू यस बस्तीमा रहेको पाइन्छ (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

## ५.२ विविध क्षेत्रमा परेका असरहरु (सामाजिक र आर्थिक क्षेत्रको अवस्था)

**भाग १**

### ५.२.१ गौँडाखाल टोलका सुकुम्बासीहरूको सामाजिक अवस्था

प्रत्येक समाजको सामाजिक अवस्था देश,काल, वातावरण अनुसार फरक फरक पाउन सकिन्छ । सामाजिक अवस्थाको संरचना भित्र परिवार जाति, भाषा, विवाह, शिक्षाा आदि जस्ता विषयहरू रहेको पाइन्छ । अतः प्रस्तुत अध्ययनको लागि गरिएको स्थलगत अध्ययन बाट पनि यिनै विषयहरूको बारेमा अगल-अलग नतिजाको स-विस्तार व्याख्य एंवम् विश्लेषण गरिएको छ ।

#### ५.२.१.१ परिवारको किसिम

यस सुकुम्बासी बस्तीमा बसोबास गर्ने मानिसहरू विभिन्न जातजातिहरू भए तापनि आँफूहरूलाई एउटा निःसहाय वर्गको रूपमा संगठित गर्न चाहन्छन् । काम र बाँसका साथै विभिन्न आधारभूत आवश्यकताको परिपूर्तिको खोजीमा अधिराज्यका विभिन्न जिल्लाबाट आएका यस्ता सुकुम्बासी परिवारको किसिम पनि आफ्नै प्रकारको छ । एउटा परिवार भित्र आमा- बुबा, छोरा-बुहारी, छोरी-ज्वाई, नाती-नातिनी बसेको पाइन्छ । यसर्थः यहाँका सुकुम्बासी परिवारलाई एकात्मक, संयुक्त र बृहत गरी तीन खण्डमा विभाजन गरिएको छ । एकात्मक परिवारमा आमा-बुबा र तीनका छोरा-छोरी रहेका हुन्छन् । यस्तै संयुक्त परिवारमा आमा बुवा, छोरा-बुहारी, नाती-नातीनी रहेका हुन्छन् र बृहत परिवारमा आमा-बुवा, छोरा-बुहारी, छोरी-ज्वाई, नाति-नातिनी, भाई-बुहारी र तीनका छोरा-छोरी आदि बसेका पाईन्छ । गौँडाखाल वडा नं. १० मा रहेका २० घरपरिवारमा गरिएको स्थलगत अध्ययन बाट निम्न परिणाम देखिन आएको छ ।

**तालिका नं. ३ : परिवारको प्रकारका आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | परिवार किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | ७ | ३५ |
| २ | संयुक्त परिवार | ७ | ३५ |
| ३ | बृहत परिवार | ६ | ३० |
| | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ३ अनुसार एकात्मक परिवारमा बसोबास गर्ने सुकुम्बासीहरूको संख्या र संयुक्त परिवारको संख्या बराबर ७/७ अर्थात् ३५/३५ प्रतिशत रहेको पाइयो भने बृहत परिवारमा बसोबास गर्ने ६ घरसंख्या अर्थात् ३० प्रतिशत देखियो ।

सुकुम्बासीहरू गरिब र ज्याला मजदुरी गर्नुपर्ने भएकाले धेरै सन्तान जन्माएमा काम गर्ने हातहरू हुने जसले गर्दा काम गर्नपनि सजिलो भई जीवन धान्न सहजै सकिने मानसिकताले जनसंख्या वृद्धि सँगै झन गरिब तथा सुकुम्बासी निम्त्याएको पाइयो । सुकुम्बासीहरू एकात्मक, संयुक्त र बहृत गरि तीनै प्रकारका परिवारमा बसोबास गरेको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.२.१.२ वैवाहिक स्थिति

मानव जीवनमा विवाह परिवारको निरन्तरता वा जिविका र यौन सम्बन्धको लागि आवश्यक मानिन्छ ।  विवाह एक पवित्र बन्धन हो । मानिस युवा अवस्थामा पुगेपछि चाहेपुरुष होस या महिला सामाजिक चलन अनुसार एकदिन विाह बन्धनमा बाँधिनु पर्दछ । नेपाली समाजमा विवाहका विभिन्न तरिकाहरू छन् । जस्तो प्रेम विवाह, मागी विवाह आदि रहेको छन् । यहि प्रचलनलाई आत्मसाथ गर्दै सुकुम्बासीहरूले पनि निरन्तरता दिई अगाडि बढेको पाईन्छ । यी सुकुम्बासीहरूमा मागी र प्रेम विवाह दुवै प्रचलनमा रहेको कुरा स्थलगत अध्ययनमा पाइयो । यी सुकुम्बासीहरूको परिवारमा आर्थिक स्थिति कमजोरीका कारण दाइजो प्रथा कम नै देखियो । समग्रमा दाईजो प्रथा कमै देखिए तापनि कुनै परिवारमा आर्थिक स्थिति कमजोरीका कारण विशेष गरी मागी विवाहमा ऋण गरेर भएपनि दाईजो दिनुपर्ने चलनले झन समस्या जटिल बन्दै गएको स्थिति पनि पाइयो । विवाहले

सुकुम्बासीहरूका सामाजिक एकता कायम गर्न सहयोग गरेको पाइन्छ । यस सुकुम्बासीहरूको बस्तीमा रहेको वैवाहिक स्थिति निम्नानुसार पाइयो ।

**तालिका नं. ४ : विवाहका आधारमा उत्तरदाताको स्थिति**

| क्र.सं. | विवाहका किसिम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागी विवाह | ७ | ३५ |
| २ | प्रेम विवाह | १३ | ६५ |
| | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ४ अनुसार यस सुकुम्बासीहरूको बस्तीमा प्रेम विवाह गर्ने सबै भन्दा बढि घरसंख्या १३ अर्थात् ६५ प्रतिशत देखियो भने मागी विवाह ७ घरसंख्या अर्थात् ३५ प्रतिशत जुन न्यून देखियो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.२.१.३ जात–जातिगत विवरण

नेपालमा विभिन्न ठाउँमा विभिन्न जातिका मानिसहरु बसोबास गर्दै आएको पाइन्छ । नेपालमा ठाउँ अनुसार जात पनि फरक फरक रहेको पाइन्छ । तापनि यस सुनवल नगरपालिका वडा नं. (१०) गौंडाखाल टोलमा विभिन्न जातका मानिसहरु रहेको पाइयो । यी सुकुम्बासीहरुमा विशेषगरी ब्राम्ह्ण, क्षेत्री, नेवार, दर्मै, कामी, सार्की तथा थारू आदि जातका रहेका छन् । यिनीहरुका बीचमा जातिय विविधता भए तापनि सामाजिक एकता भने रहेको छ । आ-आफ्नो जात अनुसारको रहन-सहन, सामाजिक मूल्य-मान्यता एंव संस्कृति रहेको पाइन्छ । यस बस्तीमा रहेका सुकुम्बासीहरुका जातिगत विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ : जातिगत आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | जति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्ह्ण | ३ | १५ |
| २ | क्षेत्री | २ | १० |
| ३ | नेवार | २ | १० |
| ४ | कामी | ७ | ३५ |
| ५ | दमै | ४ | २० |
| ६ | सार्की | २ | १० |
| | जम्मा | २० | १०० |

श्रोत: स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ५ मा देखाईएको जातिगत विवरण अनुसार सब भन्दा बढी घर संख्या दलित जाति अन्तर्गत कमी जातिको घरसंख्या ७ अर्थात् ३५ रहेको पाइयो । त्यस्तै दलित तर्फ नै दमै ४ घरसंख्या अर्थात् २० प्रतिशत, ब्राम्ह्ण ३ घरसंख्या अर्थात् १५ प्रतिशत क्रमश: क्षेत्री, नेवार, सार्की घरसंख्या २/२ अर्थात् १०/१० प्रतिशत रहेको पाइयो । देशको बुहसंख्यक मानिने ब्राम्ह्ण क्षेत्रीको संख्या यस सुकुम्बासी वस्तीमा अरु जातिको तुलनामा न्यून पाइयो । यस क्षेत्रमा दलित सुकुम्बासीहरू धेरै संख्यामा रहेको देखियो । यस स्थानमा बहुसंख्यक दलित सुकुम्बासी हुनाको कारणहरूमा समाजको निर्माण सँगै समाजका तल्ला वर्ग जो दलित र गरिब छन् । त्यीनीहरू त्यही समाजका ठूला व्यक्तिहरूमा दास/दासी भई सेवा गर्ने परम्परा भएबाट नै यिनीहरूको जग्गा जमिन नभएको पाइयो । यिनै वर्गले सरकारी जमिन कब्जा गरि खोलाका देउछाउँमा तथा भीर पाँखामा बसेका र त्यीनै खास-खास वर्ग माथि बाँढी तथा पैराका कारण घरवार विहिन भई सुकुम्बासी जीवन बिताउँदै आएको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.२.१.४ शैक्षिक अवस्था

प्रत्येक समाजको आर्थिक विकसको प्रमुख कारकको रूपमा शिक्षालाई मानिन्छ । जुन समाजमा शिक्षित व्यक्तिहरू बढि रहन्छन् अवश्य नै त्यो समाज चेतनशिल र विकसित मानिन्छ । शिक्षा विनाको समाज विकसित मानिदैन । शिक्षा र विकास एक अर्काका पुरक

मानिन्छ । यस बस्तीमा बस्ने अधिकांश सुकुम्बासीहरू ज्याला तथा कृषि कार्य गर्ने भएकाले आफ्ना छोरा/छोरीलाई विद्यालय पठाउने संख्या ज्यादै न्यून रहेको पाइन्छ । सुकुम्बासी बालबालिकामा शिक्षाको अवस्था कमजोर रहेको पाइयो । जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ : सुकुम्बासी बस्तीका साक्षर तथा निरक्षर विवरण**

| क्र.सं. | साक्षरता | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साक्षर | ६५ | ७५ | १४० | ८६.९५ |
| २ | निरक्षर | १० | ५ | १५ | १३.०५ |
| | जम्मा | ७५ | ८० | १५५ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ६ मा सुकुम्बासीहरूको साक्षरताको स्थिति ८६.९५ प्रतिशत अर्थात् १४० जना र निरक्षर प्रतिशत १३.०५ प्रतिशत अर्थात् १५ जना रहेको पाइयो । यहाँ साक्षर भन्नाले आफ्नो नाम लेख्न सक्नेहरूलाई बुझिन्छ । आफ्नो नाम लेख्न नसक्नेलाई निरक्षरमा लिइएको छ ।

शिक्षा प्राप्त गरेको व्यक्तिले परिवारको आकार कस्तो बनाउने देखि लिएर आर्थिक अवस्थालाई कसरी माथी उठाउने तर्फ चिन्तन मनन गर्दछ । शैक्षिक योग्यता अनुसारको जागिरले आफ्नो परिवारको राम्रो पालनपोषण, बालबच्चाको रेखदेखमा ध्यान दिएको पाइयो । सानो परिवारसुखी र उचित हेरचाह गर्न सकिने हुँदा सानो परिवारको निर्माणमा ध्यान दिएको पाइयो । जसबाट एकातिर जनसंख्या कम हुँदै जान्छ भने अर्कोतिर परिवारमा गुणस्तरीय जीवनमा समेत सहयोग पुग्दछ । यस्ता सुकुम्बासीहरू जो अशिक्षित छन् त्यीनीहरूमा उचित ज्ञानको अभावमा सन्तान धेर जन्माउने पालनपोषणमा ध्यान नदिने, बालबच्चालाई पनि शिक्षा दिन भन्दा काममा नै लगाउने गरेको पाइयो । जसबाट जनसंख्या बृद्धि भई सीमित स्रोत र साधनले झन गरीबीबाट गरिब भई सुकुम्बासी बन्ने गरेको पाइयो । त्यसैले अशिक्षाले पनि सुकुम्बासी बनाउन मद्दत गरेको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

**५.२.१.५ भाषा/धर्म विवरण**

नेपाल एक बहुभाषिक बहुजातिय राष्ट्र हो । यहाँ ठाउँ अनुसार र समाजको संरचना अनुसार विभिन्न भाषा-भाषीका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस सुकुम्बासीहरूको बस्तीमा विभिन्न जातका मानिसहरूको समिश्रण भएको पाइन्छ । जात अनुसार भाषा, संस्कृति पनि अलग-अलग पाउनु स्वभाविकै हो । जातिगत रूपमा भाषा अलग-अलग रहे तापनि यहाँ बोलिने भाषा भने नेपाली नै रहेको छ ।यीनीहरूले आफ्ना घरभित्र आफ्नो भाषा बोले पनि घर बाहिर नेपाली नै बोल्ने गरेको बताउँछन् ।

हाम्रो देश नेपाल बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक भएको सार्वभौमसत्ता सम्पन्न देश हो । पहाडी क्षेत्रका बासीन्दाहरूको आफ्नै धर्म संस्कृति छ भने तराई बाँसीहरूको पनि आफ्नै किसिमको धर्म संस्कृति रहेको छ । यस बस्तीमा विभिन्न धर्ममा आस्था राख्ने मानिसहरू पाईएता पनि मूलतः यहाँका सुकुम्बासीहरूले पनि आफ्नो पुर्खाले मानि आएको धर्म मान्दै आएका छन् । धर्मका आधारमा सुकुम्बासीहरूको वर्गीकरण निम्नानुसारको छ ।

**तालिका नं. ७ : उत्तरदाताहरूको धर्म अनुसार वर्गीकरण**

| क्र.सं. | धर्म | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १५ | ७५ |
| २ | बौद्ध | २ | १० |
| ३ | क्रिश्चियन | ३ | १५ |
| | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ७ को आधारमा हिन्दु धर्म मान्नेको प्रतिशत ७५ अर्थात् १५ घरसंख्या, क्रिश्चियन धर्म मान्नेको प्रतिशत १५ अर्थात् ३ घरसंख्या र बौद्ध धर्म मान्नेको प्रतिशत १० अर्थात् २ घरसंख्या रहेको देखियो । यस बस्तीमा हिन्दु, बौद्ध, क्रिश्चियन सबै धर्म मान्ने सुकुम्बासीहरू मिलेर बसोबास गरेको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.२.१.६ सुकुम्बासीहरूको समस्या

यस बस्तीमा बस्ने सुकुम्बासीहरूको आफ्नो नाममा भएको भन्ने कुनै पनि जमिन छैन । बस्नु लाई त उनीहरू सरकारी जमिन ओगटेर बसोबास गरि आएका छन् । सरकारले उनीहरूलाई जुनसुकै बेला पनि हटाउन सक्छ भन्ने जानकारी अघिदेखि नै छ । उनीहरू सधै त्रासको वातावरणमा रहेका छन् । कतिपय सुकुम्बासीहरू थोरै भूमिका कारण स-सना दुई तीन कोठाको घरमा एउटा भान्छा र अर्कोमा परिवारका सदस्यहरू लस्करै सुत्ने गरेको र कतिपयको घर भने पक्की नै रहेको पनि अध्ययनको क्रममा देखिन आयो । घरका छाना कतै खरको र कतै टिनको, भित्ताहरूमा काठ, खडाई र कतै ईट्टाको पनि देखियो । झुप्रा कच्ची घरहरूमा वर्षातको समयमा पानी घरभित्र पसि घनमाल बिगार्ने, पानी जम्ने जस्ता समस्या आउने गरेको सुकुम्बासीहरू बताउँछन् । यस्ता समस्याहरूको समाधान होस् भन्ने चाहना सबैमा भए तापनि सामूहिक प्रयास गरेको देखिएन । सुकुम्बासी जीवन सञ्चालनमा विभिन्न किसिमका समस्याहरू देखा परेका छन् । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका नं. ८ : उत्तरदाताको आधारमा सुकुम्बासीहरूको समस्या**

| क्र.सं. | सुकुम्बासी समस्याहरू | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, सिँचाई सम्बन्धित समस्या | २ | १० |
| २ | लालपूर्जा सम्बन्धित समस्या | १४ | ७० |
| ३ | भूमिको अभाव | ४ | २० |
| | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ८ मा सुकुम्बासी समस्याहरूको उत्तरदाता संख्या अनुसार लालपुर्जा सम्बन्धी समस्या प्रमुख रूपमा रहेको पाइन्छ भने यस्तो समस्या देखाउने घरसंख्या १४ अर्थात् ७० प्रतिशत रहेको, भूमिको अभाव भन्ने उत्तरदाता घरसंख्या ४ अर्थात् २० प्रतिशत तथा शिक्षा, स्वास्थ्य, खोनपानी, यातायात, सिँचाई असुविधा जनाउने घरसंख्या २ अर्थात् १० प्रतिशत रहेको छ । जुन थोरै घर संख्यामा रहेको पाइयो ।

यस स्थानमा बसोबास गर्दै आएका सुकुम्बासीहरूले आफू गरिब भएकाले उचित शिक्षा, स्वास्थ्यबाट बञ्चित हुनु परेको बताउँछन् ।शिक्षा प्राप्त गर्ने चाहना हुँदा-हुँदै पनि

काम नगरी पेट पाल्ने स्रोत नभएकाले शिक्षा भन्दा काममा नै व्यस्त रहनुपर्ने बाध्यताका कारण यहाँका सुकुम्बासीहरू बञ्चित भएका छन् । दैनिक काममा जाँदा शरीरलाई आवश्यक आराम लिन नपाउँदा र सोही अनुसारको पौष्टिक आहार खान नपाउँदा अस्वास्थ्य भएको पाइयो ।

यस बस्तीका सुकुम्बासीहरूले लालपूर्जा सम्बन्धी माग पटक पटक गरेका तर त्यसमा सरकारले कुनै कदम नचालेकोले दुःख व्यक्त गरेको छन् । यती मात्र नभई आँफूहरूलाई पुग्ने प्रयाप्त जमिन नहुँदा सधै अर्काको जमिन अधिँया गर्ने गरेको र त्यसबाट पनि जीवन धान्न गाह्रो भएको सुकुम्बासी परिवारहरू पनि यस बस्तीमा बसोबास गरेको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.२.१.७ सुकुम्बासी समस्याले जनसंख्यामा पारेको प्रभाव

सुकुम्बासी समस्याले जनसंख्यामा पारेको प्रभावका कराण सुकुम्बासी जनजीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव परिरहेको नै हुन्छ । गरिब तथा सुकुम्बासी परिवारमा काम गर्न सजिलो हुने मनसायले आफ्नो छोरा-छोरीलाई चाँडै विवाह गरे बोझबाट छुट्कारा पाउने र काम गर्ने हातहरू पनि हुने जसले काम गर्न सजिलो हुन्छ भन्ने अन्धविश्वासले यस्ता परिवारमा छिटो विवाह गराइएको पनि पाइयो । छिटो विवाह सँग प्रजनन क्षमतामा वृद्धि हुनुका साथै सन्तान छिटो र धेरै जन्माउने जसबाट वंश हुनुका साथै सन्ता छिटो र धेरै जन्माउने जसबाट बंश कायम हुने र काम गर्न पनि सहयोग मिल्ने कुरामा विश्वाव गर्दछन् । यस बस्तीका परिवारमा छोरा नहुन्जेल सन्तानको जन्म दिईरहने र जन्मलाई नियन्त्रण गर्न नचाहने मान्यताका परिवार पनि पाइयो । जन्म धेरै भए पछि राम्रो वातावरण र स्याहारशुसारमा कमी आउनु बाबुआमा काममा नै व्यस्त रहनुपर्ने सीमित स्रोत र साधनको उपयोग गरि आफ्ना बालबच्चालाई पोषणयुक्त खाना पुऱ्याउन नसक्नुका साथै छोराहरू छुट्टिदा बसोबासको समस्या हुनु सुकुम्बासी परिवारमा स्वाभाविक मानियो । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका नं. ९ : उत्तरदाताको आधारमा सुकुम्बासी हुनाले जनसंख्यामा पारेको प्रभाव**

| क्र.सं. | सुकुम्बासी समस्याले जनसंख्यामा पारेको प्रभाव | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छिटो विवाह | ३ | १५ |
| २ | स्वास्थ्य, शिक्षाको अभाव | १ | ५ |
| ३ | जन्मान्तर कम हुनु | ५ | २५ |
| ४ | कुपोषण | ८ | ४० |
| ५ | बसोबासको समस्या | ३ | १५ |
|  | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ९ अनुसार सुकुम्बासी समस्याले सबै भन्दा बढी जनसंख्या कुपोषण बाट प्रभावित हुने घरसंख्या ८ अर्थात् ४० प्रतिशत, त्यस्तै एक बच्चाको जन्म पश्चात अर्को बच्चाको जन्मान्तरको फरक कम भई जनसंख्यामा प्रभाव पर्ने घरसंख्या ५ अर्थात् २५ प्रतिशत रहेको छ । यसैगरि छिटो विवाह र बसोबासको समस्या जनाउने उत्तरदाताको घरसंख्या ३/३ अर्थात् १५/१५ प्रतिशत रहेको पाइयो भने स्वास्थ्य, शिक्षाको अभाव भन्ने उत्तरदाताको घरसंख्या १ अर्थात् ५ प्रतिशत पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

**भाग २**

### ५.२.२ गौडाखाल टोलका सुकुम्बासीहरूको आर्थिक अवस्था

कुनै पनि व्यक्तिको आर्थिक अवस्थाले उसको अन्य सामजिक व्यवस्थालाई निर्धारण गरेका`हन्छ । जुन परिवारमा आयजार्नन गर्नै बाटाहरू प्रशस्त हुन्छन् त्यस पसिरवारमा सामान्य तथा रोग भोग, गरिब, अशिक्षा, बेरोजगारी जस्ता समस्याहरू अति नै कम मात्रामा रहेको पाइन्छ । आर्थिक अवस्थाको कुरा गर्दा समाजलाई बचाई राख्ने मूल आधारहरू कृर्षि कलकारखाना, उद्योगधन्दा, व्यापार तथा रोजगारी आदिको प्राप्यतालाई बुझ्नु पर्ने हुन्छ ।

सुनवल नगरपालिका वडा नं. १० गौँडाखाल टोलका सुकुम्बासीहरूको मुख्य पेशा दैनिक ज्यालादारी, मजदुरी र कृर्षि नै रहेको देखियो । करिब १०० विधा सरकारी ऐलानी जग्गामा बसोबास गर्दै आएका ४५९ सुकुम्बासीहरूको घरहरू एक आपसमा जोडिएर

बनाईएका छन् । यी सुकुम्बासीहरूले अन्य समुदायको जग्गा अधिँया कर्माएर जीविका चलाउँदै आएको पनि पाइयो । ज्याला मजदुरीमा मिस्त्री काम, दैनिक कृषि केही संख्यामा वैदेशि रोजगारीको लागि गएको पाइयो । यहाँका सुकुम्बासीहरूका घरहरू कच्ची केही पक्की तथा धेरै मात्रामा खरका तथा टिनका छाना भएका स-साना घरहरू लस्करै रहेका छन् ।

### ५.२.२.१ भू- स्वामित्व

यस गौँडाखाल टोलका सुकुम्बासीहरूको बस्तीमा बसोबास गर्दै आएका व्यक्तिहरू नेपाल अधिराज्यका विभिन्न जिल्ला बाट आएका छन् । घरखेत खोलाले बगाएर, जंगली जनावरले दुःख दिएर, रोजगारीको माध्यम नभएर र कृर्षि उत्पादनमा ह्रास आउनुले बाँच्नका लागि कुनै आधार नभएका जस्ता कारणहरूले गर्दा यस ठाउँमा बसाई सरि आउनु परेको बताउँछन् । यिनीहरूले भोग चलन गर्दै आएको जमिन ऐलानी जग्गा रहेको पाइयो । यिनीहरूले आफ्नो नाममा जग्गाको लालपूर्जा नभएको बताएका छन् । गौँडाखाल वडा नं.१० मा रहेका २० घर परिवारमा गरिएको स्थलगत अध्ययनबाट यिनीहरूले कब्जा गरि भोग चलन गरेको भू- स्वामित्व  तालिकामा देखाइएको छ ।

**तालिका नं. १० :  उत्तरदाताको घरले ओगटेको जमिनको विवरण**

| क्र.सं. | विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०- १ कट्ठा हुने | ७ | ३५ |
| २ | १ १/२ कट्ठा हुने | ७ | ३५ |
| ३ | ३ - ४ कट्ठा हुने | ६ | ३० |
| | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १० मा यस सुकुम्बासीहरूको बस्तीमा रहेको ऐलानी जग्गामा बसोबास गरेका धेरै संख्याका परिवारहरूको घरहरू बाक्ला रहेको पाइन्छ ।  एक कट्ठा सम्म हुने र डेड देखि दुई कट्ठा हुने घरसंख्य ७/७ अर्थात् ३५/३५ प्रतिशत रहेको पाइयो । त्यस्तै तीन देखि चार कट्ठा हुने घरसंख्या ६ अर्थात् ३० प्रतिश रहेको पाइयो । यी सुकुम्बासीहरूको

बस्तीमा कसैको धेरै त कसैको थोरै जमिन भएबाट असमान जग्गा रहेको देखिन्छ (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

**५.२.२.२ पेशा वा व्यवसाय**

प्रत्येक परिवारले आफ्नो गुजारा चलाउन कुनै नकुनै काम गरी आर्थिक आर्जन गरेका हुन्छन् । मानिसहरूले आफ्नो क्षमता अनुसार व्यापार गर्ने, कृषि, उत्पादन, मजदुर गर्ने या जागिर गर्ने जस्ता कामहरू गर्ने गरेका पाइन्छन् । शिक्षित व्यक्ति र अशिक्षित व्यक्तिले गर्ने काम फरक फरक नै हुने गर्दछ । यस सुकुम्बासीहरूको बस्तीमा शिक्षा र रोजगारीको अभावको कारण अधिकांश घरपरिवारले साना-साना काम गरी जीविका चलाएको पाइन्छ । यिनीहरूको कामको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ : पेशाका आधारमा उत्तरदाताको संख्या**

| क्र.सं. | पेशा | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ज्याला मजदुरी | १ | ५ |
| २ | प्रहरी | १ | ५ |
| ३ | व्यवसाय | १ | ५ |
| ४ | विदेश गएका | २ | १० |
| ५ | पियन | १ | ५ |
| ६ | शिक्षक | २ | १० |
| ७ | कृर्षि | १२ | ६० |
| | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ११ मा सुकुम्बासीहरूको पेशागत विवरणलाई प्रस्तुत गरिएको छ । यस अनुसार कृर्षि कार्य गरेर जीवन चलाउने सुकुम्बासीहरूको घर संख्या १२ अर्थात् ६० प्रतिशत र विदेश गएका तथा शिक्षक पेशा गरेका घरसंख्या २/२ अर्थात् १०/१० प्रतिशत साथै अन्य ज्याला मजदुरी, प्रहरी, व्यवसाय र पियन काम गर्नेहरूको घरसंख्या १/१ अर्थात् ५/५ प्रतिशत रहेको पाइयो । कृषि कार्यको लागि ज्याला मजदुरी गर्नेको संख्या धेरै देखियो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.२.२.३ सुकुम्बासीहरूको मासिक आम्दानी विवरण

यस बस्तीका सुकुम्बासीहरू प्रमुख रूपमा कृषि पेशामा नै आवद्ध हरेको पाइयो । यिनीहरू छरछिमेकका घरहरू (सुकुम्बासीहरू बाहेकका घरहरू) मा गई दैनिक ज्यालादारी कामहरू गर्ने जस्तोमौषम अनुसारका खेती मकै छर्ने, गोडने, भाँच्ने, मल बोक्ने, धान, रोप्ने देखि लिएर थन्काउने आदि काम गर्ने गरेको बताउँछन । कतिपय सुकुम्बासीहरूले सोही ठाउँका धनी परिवारको जग्ग अधिँया गरेको पाइयो । यस्ता सुकुम्बासीहरू जो शिक्षित छन् त्यिनीहरूको आम्दानीको स्रोत उच्च देखियो । उनिहरूले गर्ने काममा शिक्षक, व्यापार गर्ने र केही वैदेशिक रोजगारमा गएका समेत भेटियो । राम्रो आम्दानीका कारण यस्ता परिवारका सदस्यले शिक्षालाई प्राथमिकता पाइयो । कम आम्दानी हुने परिवारले आम्दानीको स्रोत जनाउन चाहेनन् त्यस्ता परिवारहरू कृषि पेशामा संलग्न, अर्मपर्म, मेलापात, छरछिमेकमा सरसापट गरि जीवन चलाएका र कोृहि सुनार काम गरेको पाइयो । उनीहरू भन्छन् जसोतसो गुजारा चलाएका नै छौ भन्ने कुरा व्यक्त गर्दछन् । विभिन्न पेशामा संलग्न यी सुकुम्बासीहरूको आम्दानी फरक-फरक रहेको छ । जसलाई तालिकामा देखाईएको छ ।

**तालिका नं. १२ : सुकुम्बासीहरूको मासिक आम्दानी विवरण**

| क्र.सं. | आम्दानी रू. | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २,००० | १ | ५ |
| २ | २५००-४००० | ४ | २० |
| ३ | ४५००- ६००० | १ | ५ |
| ४ | ६५००- १०००० | २ | १० |
| ५ | १०५०० भन्दा माथि | ३ | १५ |
| ६ | भन्न नचाहेका | ९ | ४५ |
|  | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १२ मा २० घरसंख्या सुकुम्बासीहरूको मासिक आम्दानी विवरणलाई देखाईएको छ । जस अनुसार प्रति महिना ६००० रुपैयाँ आम्दानी गर्ने सुकुम्बासी परिवार अति गरिब रहेको पाइयो । यिनीहरु सँग तीन कोठाको घर बन्न सक्ने जमिन मात्र भएका र बालबच्चा पनि काम गर्न नसक्ने साथै अर्म पर्म र तीन चार कठ्ठा जग्गा अधियाँ गरि गुजारा

चलाएको पाइयो । ६००० भन्दा बढी आम्दानी गर्ने सुकुम्बासी परिवारका सदस्यहरू केहि शिक्षित भएका, विदेश गएका, व्यापार गर्ने र जमिन पनि अरुहरूको तुलनामा बढि ओगटेका साथै अधियाँ जमिन कमाएका छन् । यस्ता परिवारका प्राय सबै सदस्यहरू काम गर्न सक्ने देखियो । कतिय सुकुम्बासी परिवारले आफ्नो आम्दानीको स्रोत खुलाउन चाहेनन् । यस्ता सुकुम्बासीहरुमा सुनार काम गर्ने, व्यापार गर्ने, धेरै संख्यामा थोरै जमिन भएका र अर्काको अधियाँ जमिन गर्ने घरसंख्याहरू रहेको पाइयो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

### ५.२.२.४ सुकुम्बासीहरूको खर्च

सुकुम्बासीहरूको परिवारमा फजुल खर्च जस्तोको चुरोट, जाँड, रक्सी, बढी खाने गरेको देखियो । दिनभरि काम गरि ल्याएको पैसा बेलुका सबै खाएर सक्ने गरेबाट यस्ता परिवारका सदस्यहरूले भोलीका लागि जोगाएर राख्ने नगरेको देखियो । कयौ परिवारमा आफ्नो मासिक आम्दानीले महिनाभर खर्च धान्न निकै मुश्किल परेको भेटियो । उक्त खर्च जुटाउन परिवारका सबै सदस्यहरूले ज्यामि, मजदुरी साथै छरछिमेकबाट सरसापट गरि पछि काममा असुल गर्ने गरेर जिविका चलाउँदै आएका सुकुम्बासीहरू बस्दै आएको पाइयो मासिक आम्दानी अनुसार सुकुम्बासीहरूको खर्च  विवरणलाई तालिकामा देखाईएको.छ ।

**तालिका नं. १३ : उत्तरदाताको आम्दानीको आधारमा खान पुग्ने अवस्था**

| क्र.सं. | विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ महिना सम्म खान पुग्ने | ६ | ३० |
| २ | ३ महिना सम्म खान पुग्ने | ५ | २५ |
| ३ | ६ महिना सम्म खान पुग्ने | ४ | २० |
| ४ | १ वर्ष सम्म खान पुग्ने | ५ | २५ |
| | जम्मा | २० | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १३ मा सुकुम्बासीह्रुको दैनिक पारिवारिक आम्दानीले महिना भरि परिवार धान्न सक्ने  वा नसक्नेको विवरण दिईएको छ । आम्दानीको स्रोत राम्रो भएको परिवारमा महिनाभर अर्थात् वार्षिक रूपमा खान लगाउन सजिलै पुगेको देखियो भने जुन परिवारको आम्दानीको स्रोत राम्रो नभएको अर्थात् दैनिक गुजारा मात्र जसोतसो गर्ने

परिवारमा खान लगाउन समस्या नै देखियो । जसबाट आफ्नो आम्दानीले एक महिनासम्म जसोतसो खान पुग्ने परिवारको घरसंख्या ६ अर्थात् ३० प्रतिशत देखिएको छ । यस्ता परिवार एकात्मक परिवार भित्र पर्दछन् । यी परिवारका बालबच्चा स-साना भएका र आमा बाबु दैनिक ज्यालाबाट जीवनयापन गर्दै आएको देखियो ।

तीन महिना सम्म खान पुग्ने परिवारका सदस्यहरूले अर्काको जमिन अधिँया गरेका साथै ज्यामी कामबाट आएको आम्दानीले केही महिनाको लागि ढुक्क हुने बताउँछन् । ६ महिना सम्म खान पुग्ने घरसंख्या ४ अर्थात् २० प्रतिशत पाइयो । यस्ता परिवारका सदस्यहरू संयुक्त र बृहत दुबै परिवारमा पाइयो । यिनीहरूले पनि अर्काको जमिन अधियाँ गर्ने यसबाट आएको धान, मकै, गहुँ, बाट दैनिक खान पुग्ने र कामको समयमा कामबाट आएको आम्दानीले नुन, मसला, तेल आदि किन्न पुग्ने बताउँछन् । यी परिवारका सदस्यहरू केही शिक्षित रहेको पाइयो । एक वर्ष सम्म खान लगाउन पुग्ने परिवारको आम्दानीको स्रोत राम्रो मानिन्छ । यस्ता परिवारका सदस्यहरू शिक्षित र काम गर्न सक्ने उमेरका छन् । साथै विदेश गई आम्दानी भित्रयाएका कारण सजिलै जीवन सञ्चालन गर्न पुगेको देखियो । यसरी आफ्नो देनिक आम्दानीले कुनै परिवारलाई सजिलै सँगपुग्ने र अधिकांश सुकुम्बासीहरूको परिवारलाई आफ्नो मासिक आम्दानीले महिनाभरि खर्च धान्न निकै मुश्किल पर्ने देखियो । उक्त खर्च जुटाउनका लागि परिवारका सदस्यहरूले ज्यामी, मजदुरी साथै छर छिमेक बाट सरसापट गरि पछि काममा असुल गर्ने गरेर जिविका चलाएका पाइयो । तर पनि यिनीहरू सबैको लालपूर्जा सम्बन्धी समस्या रहिरहेको नै देखियो (स्रोत : स्थलगत सर्वेक्षण, २०७३) ।

# अध्याय : छ
# सारांश र निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत शोधपत्रको उद्देश्य सुनवल नगरपालिका वडा नं. १० गैँडाखाल टोलका सुकुम्बासीहरूको सुकुम्बासी समस्या : कारणहरू र विविध क्षेत्र सामाजिक र आर्थिक समस्याहरू को अध्ययन गर्नु रहेको छ । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजीकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नात्तकोत्तर तहको उपाधी प्राप्तीको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रेरित भई तयार पारिएको छ । उक्त शोधपत्रको लागि नमुनाका रूपमा नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. १० गौँडाखाल टोलका सुकुम्बासीहरूलाई छनौट गरिएको छ ।

यो शोधपत्रको अध्ययन क्षेत्र सुनवल नगरपालिका वडा नं. १० गैँडाखाल टोलमा केन्द्रित छ । सुकुम्बासी हुनुका कारणहरू  र विविध क्षेत्र (सामाजिक, आर्थिक, महिला तथा बालबालिका) को अवस्थाको विश्लेषण गर्न र  मूर्त रुप दिनका लागि विभिन्न अनुसन्धान विधिहरुको प्रयोग गरिएको छ । जस अनुसार वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित भई अध्ययन गरिएको छ । तथ्याङ्क लिने क्रममा प्राथमिक तथ्याङ्क तथा द्वितीय तथ्याङ्कको सहायता लिईएको छ । साथै तथ्याङ्कको प्रकृति अनुसार गुणात्मक एंव संख्यात्मक तथ्याङ्कको आधारमा उनीहरूको सामाजिक, आर्थिक अवस्थाको र महिला तथा बालबालिकाहरूको सामान्य चर्चा पनि गरिएको छ ।

नलपरासी जिल्ला सुनवल नगरपालिका गौँडाखाल टोलका जम्मा ४५९ घरहरू मध्ये सबै घरहरूका सुकुम्बासीहरूको सर्वेक्षण गर्न सम्भव नभएकाले  १०० घरका सुकुम्बासीहरू छनोट गरि त्यस मध्ये बाट पनि २० घर सुकुम्बासीहरूलाई सम्भाव्य नमुनामा छनौट गरि प्राप्त तथ्य एंव तथ्याङ्कको आधारमा उनीहरूको सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गरिएको छ । त्यसै गरि अध्ययनलाई विश्वासीलो र भरपर्दो बनाउनका लागि तथ्याङ्क संकलनका विधिहरूको प्रयोग गरिएका छन् । जसमा प्रश्नावली अर्न्तवार्ता सूची प्रत्यक्ष अवलोकनको प्रयोग गरिएको छ । यसरी प्राप्त तथ्य एंव तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकीकरण, प्रतिशत, व्याख्या एंव विश्लेषण गरिएको छ । नमुना छनौटमा परेका २० घर

सुकुम्बासीहरूको सामाजिक, आर्थिक अवस्थाको साथै महिला तथा बालबालिकाको सामान्य अवस्थाका बारेमा चर्चा गरिएको छ । सामाजिक अवस्थामा यस २० घरका सुकुम्बासीहरूको परिवारको किसिम अन्तर्गत एकात्मक परिवार संयुक्त परिवार र बृहत परिवार वैवाहिक स्थिति-मागी विवाह र प्रेम विवाह तुलनात्मक रूपमा प्रेम विवाह बढी हुने गरेको जातजातिगत विवरणमा दलित बढी रहेका देखियो । सुकुम्बासीहरूको समस्यामा लालपूर्जा सम्बन्धी समस्या खेखाउने घरसंख्या सबै भन्दा बढी अर्थात् १४ देखियो । सुकुम्बासी समस्याले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जनसंख्यामा प्रभाव परेको देखियो । जसका कारण छिटो विवाह, स्वास्थ्य, शिक्षाको अभाव, कम जन्मान्तर, कुपोषण, बसोबासको समस्या रहेको छन् । शैक्षिक अवस्था महिला भन्दा ५ जना पुरुष बढि देखियो । समग्रमा धेरै संख्याका सुकुम्बासीहरू साक्षर पाइयो । नेपाली भाषा बोल्नेको बाहुल्यता रहेको साथै हिन्दु धर्मालम्बीहरू बढी रहेका पाइयो । यस बस्तीका सुकुम्बासीहरूको प्रमुख चाडपर्वहरू तिज, दशै, तिहार आदि रहेको, जन्म संस्कार र मृत्यु संस्कर पनि हिन्दु परम्परा अनुसार हुने गरेको जसमा जन्म हुँदा अर्थात् छोराको जन्ममा खुसी हुने गरेको पाइयो भने मृत्युमा दुःखी भएको बताउँछन् । त्यस्तै आर्थिक अवस्थामा यस बस्तीका सुकुम्बासीहरूले आँफूहरूले ओगटेको जग्गा,पेशा तथा व्यवसाय आम्दानी तथा खर्चहरू देखिन्छ ।

अशिकांश सुकुम्बासीहरूका घर कच्ची तथा ३ कोठाका खरको छानो भएको पाइयो । यीनिहरूको पेशा ज्याला, मजदुरी, प्रहरी, विदेश गएका, शिक्षक तथा कृर्षि पेशामा आबद्ध पाइयो । पच्चीस सय देखि चर हजार सम्म कमाई गर्ने घरसंख्या ४ र आफ्नो आम्दान भन्न नचाहने ९ घरसंख्या सबै भन्दा बढी आम्दानी गर्ने ३ घरसंख्या देखियो । त्यसैगरि सुकुम्बासीहरूको खर्चको विषयमा चर्चा गर्दा मासिक आम्दानीले ३ महिना र १ वर्ष सम्म पुग्ने घरसंख्या ५/५ देखियो ।

सुकुम्बासी महिलाहरु परिवारमा र समाजमा शारीरिक र मानसिक हिंसा भएको पाइयो । महिलाहरूले आफ्नो नाम सम्म लेख्न सक्ने साक्षर मात्र भेटियो । यिनीहरूलाई पढ्न मन भएको तर घर व्यवहारको कामले सन्तानको हेरचाह गर्नुपर्ने भएबाट शिक्षा लिन बञ्चित रहेको बताउँछन् । सानै उमेर देखि काममा र सानो उमेरमा विवाहका कारण स्वास्थ्यमा असर परेको बताउँछन् । यस बस्तीमा बालबालिकाहरूको उचित किसिमको स्याहार नभएको र उनीहरुलाई उचित शिक्षा दिनुपर्ने मानसिकता कमै परिवारमा रहेको

अर्थात् आम्दानी धेरै भएको परिवारमा राम्रो र आम्दानी कम भएको परिवारमा बालबच्चाको अवस्था नाजुक नैदेखियो । काँखको दुधे बालक छोडेर मेलापात जान बाध्य भएको बताउँछन् यहाँका महिलाहरू आफ्ना बालबच्चालाई हेरेर बस्दा घरमा आँगो नबल्ने कुरामा पुरुष भन्दा महिला बढि चिन्तित देखियो ।

## ६.२ निष्कर्ष

वर्तमान समयमा सुकुम्बासी समस्या एउटा जटिल समस्याका रूपमा रहेको छ । सुकुम्बासी समस्या एउटा परिवारको मात्र समस्या नभई देशको नै ठूलो समस्याको रूपमा खडा भएको छ । एउटै देशमा रहेका नेपाली जनताहरूमा कसैको नाममा धेरै विघा जग्गा जमिन त सकैको नाममा बाँस बनाउनका लागि एक टुक्रा जमिन समेत नहुनाले असमानता देखिन्छ । सुकुम्बासी शब्दको परिभाषा सुकुम्बासी समस्या समाधान आयोगको गठनसँगै परिभाषित भएको पाइन्छ । सुकुम्बासी भनेर भूमिहिन वर्गलाई जनाईएता पनि सुकुम्बसी आयोगको कार्य विधि २०६६ ले आफ्नो वा आफ्नो नाममा वा आंशियारको नाममा कुनै पनि जग्गा जमिन नहुनालाई परिभाषित गरेको छ । नवलपरासी जिल्ला सुनवल नगरपाकिला वडा नं. १० गौंडाखाल टोलमा बसोबास गर्ने सुकुम्बासीहरूले आँफूहरू विभिन्न कारणले गर्दा सुकुम्बसी जीवन बीताउन बाध्य भएको कुरा यस स्थलगत अध्ययनको क्रममा थाहा पाइयो । सुकुम्बासी हुनुका कारणहरूमा जनसंख्या वृद्धि, प्राकृतिक, प्रकोप, घरवारी लिलाम, आर्थिक शोषण, सामाजिक चलन, भुमिको अभाव, लालपूर्जा नहुनु र भएको जमिन  छोडेर सुकुम्बासी हुने गरेको पाइयो भने सुकुम्बसी समस्याहरूमा भूमिको अभाव, लालपूर्जा नहुनु, स्वास्थ्य, शिक्षा, छिटो विवाह जन्मान्तर कम कुपोषण, बसोबास समस्या आदि यिनीहरूको सामूहिक समस्या रहेको पाइयो ।

सुकुम्बासीहरू प्राकृतिक प्रकोप, सामन्ती उत्पीडन साहुमाहर्जनको आर्थिक शोषणका कारण घरवार विहिन हुनु परेको छ । जिवीकाको लागि अन्य विकल्प नभई रोजगारीको खोजमिा बसाई सर्नु परेको पाइन्छ । सुकुम्बासी हुनाको एउटा कारणका रूपमा जो सुकुम्बासी भएका छन् । त्यिनीहरू पुस्तौ-पुस्ता देखिको राज्य संरचनाबाट पछाडी परेका वर्ग तथा समुदायका मानिसहरू सेवकका रुपमा स्थापित भएकाले आफ्नो नाममा कुनै पैतृक सम्पत्ति नभएको पाइयो भने अर्को प्रमुख कारण सुकुम्बासी पुरुष/महिला सँगको विवाह पनि हो ।  यस्ता पुरुष /महिलाहरू जो सुकुम्बासी परिवारमा जन्म लिएर र पुनः

सुकुम्बासी परिवारमा विवाह भयो । यसरी सुकुम्बासी जीवनबाट बाहिरीनु नपाउँदा र जीवन चलाउन काममा नै व्यस्त हुनुपर्ने भएकाले शिक्षा आर्जन तिर समय दिन सकेनन् जसबाट पछाडि परिरहेको भेटियो । उनीहरूको आर्थिक स्थिती कमजोर भएको कारणले सुकुम्बासी हुनुको पिडा भोगिरहेका छन् । उनीहरूले उचित समयमा उचित खालको खानपान, स्वास्थ्य सेवा, शिक्षा, रोजगारी पाउन सकेका छैनन् । जसले गर्दा विभिन्न समस्याहरू उत्पन्न भएका छन् । सुकुम्बासी जनसंख्या यति नै छ भनी किटान गर्न सकेको छैन ।

नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. गौँडाखालका सुकुम्बासीहरूको बस्तीको बसोबासको स्थिति समग्रमा भन्दा ठिकै रहेको देखियो भने केही मात्रामा सुकुम्बासीको स्थिति अत्यन्तै दयनीय पनि रहेको देखियो । आम्दानीको स्रोत नहुनु बढि खर्चका कारण परिवारमा बेमेलको सिर्जना हुने गरेको पाइयो । ती सुकुम्बासी बस्तीमा कतिपय पुरुषले काम मन लागे गर्ने र काम गरेपनि फजूल खर्च गरेबाट महिलाहरु नै घरखर्ची जुटाउन देखि बालबच्चाको दैनिक लालपालनमा बढि सक्रिय हुन नसक्दा स्वास्थ्यमा असर परेको देखियो । महिलाहरूको पाठेघरको समस्या रहेको उपचारका लागि आवश्यक खर्च जुटाउन नसक्दा बेथा पाल्नुपर्ने बाध्यता  पनि अध्ययनको क्रममा पाइयो ।

यस बस्तीका सुबुम्बासीहरूले आ-आफ्नो घरबाट निश्किएको  फोहरमैला आफ्नै एउटा निश्चित ठाउँमा फाल्ने गरेको देखियो । कतिपयले प्रयोग गर्ने चर्पी राम्रै पक्की देखियो भने कतिको कच्ची पनि रहेको पाइयो । यस बस्तीका कतिपय महिला पुरुष र युवाहरूले चुरोट, खैनी, जाँड, रक्सी समेत सेवन गरेको पाईयो । जसले स्वास्थ्यमा असर पुऱ्याउन सहयोग गरेको पाइयो । समग्रमा सबै साक्षर भए तापनि कसैले पनि धेरै पढेको पाईएन ।  कतिपयले जम्मा ५/८ कक्षा पढेर छोड्ने र कोहि अलि बढि सम्म पनि पढेको पाइयो ।

महिलाहरूमा एस.एल.सी पास गर्ने महिला संख्या जम्मा २ देखियो । त्यी सुकुम्बासीहरूले आफूहरू बस्दै आएको क्षेत्रमा आफ्नो नाममा लालपूर्जा समस्या भएबाट कुनै व्यवसाय खोल्न नपाएकोले पीडित भएको बताउँछन् । यस बस्तीमा बसोबास गर्ने सुकुम्बासीहरूको मुख्य पेशा भनेकै कृर्षि र पशुपालन गर्नु नै रहेको थियो ।  पशुपालन गरि दुध बेची केही मात्रामा आर्थिक आर्जन गरि आफ्नो जीविका निर्वाह गरेको पाइयो । यस बस्तीका सुकुम्बासीहरूले जति दुःख भए पनि अर्काको घरमा काम गर्न बालबच्चाहरूलाई

भने नपठाउने गरेको भेटियो । उनीहरूलाई परिवार नियोजन बारेमा थाहा भएपनि उक्त साधन प्रयोगदर कम भएबाट जनसंख्या वृद्धि भई उचित लालनपालनमा कठिनाई भएको देखियो । यी बस्तीहरूमा पनि छोराको चाहना बढी भएकाले विभेदको स्थिति रहेको पनि पाइयो ।

## सन्दर्भग्रन्थ


कोइराला, केदार, २०५९, नेपालमा गरिबमूख शासन व्यवस्था, नेपाल किसान आन्दोलन पचास वर्ष, काठमाडौं, केन्द्रीय कमिटी ।

आत्म निर्भरता सेवा केन्द्र २०६७, गरिबी र भूमि सुधार, काठमाडौं ।

देउजा जगत, २०६७, भूमि अधिकार हनन्, मानव अधिकार हनन्, धापासी, काठमाडौं सामुदायिक आत्मनिर्भरता सेवा केन्द्र ।

नेपाल राष्ट्रिय योजना २०४८ ।

भूमि अधिकार, २०६७, धापासी, काठमाडौं आत्मनिर्भरता सेवा केन्द्र ।

मिश्र चैतन्य, (२०६२/०६३), पुँजीवाद र नेपाल, काठमाडौं मुल्याङ्कन प्रकाशन गृह प्रा.लि. ।

लुमन्ति संस्था २०५१ सुकुम्बासीहरुको अवस्था विश्लेषण प्रतिवेदन ।

वडाल केशव, (२०५५), नेपालको भूमि सुधार, कृषि क्रान्ति र अर्थतन्त्रको विकास, भृकुटी एकेडेमि पब्लिकेशन ।

शर्मा गौरीप्रसाद २०४५, नेपाल पूर्नवास योजना आयोग ।

शाह प्रभु र जयसवाल अशोक, (२०६५), मधेशी समस्या र समाधानका आधारहरु, मधेशी राष्ट्रिय मुक्तिमोर्चा नेपाल ।

सुकुम्बासी आयोग, २०५२, सुकुम्बासी समस्या समाधान आयोग, काठमाडौं, केन्द्रीय सचिवालय सिंहदरबार ।

सुकुम्बासी आयोग कार्यविधि, २०६६ सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि, काठमाडौं, केन्द्रीय सचिवालय सिंहदरबार ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर २०५५, सम्पत्ति कानुन ।

श्रेष्ठ श्याम, २०६७, नेपालमा गरिबी जीवनस्तर र भूमिसुधार, गरिबी र भूमि सुधार, काठमाडौं, सामुदायिक आत्मनिर्भरता सेवा केन्द्र ।

आचार्य बलराम, २०६२, सामाजिक विश्लेषण, काठमाडौं, सनलाइट पब्लिकेशन ।

Bista Dor. Bdr. 1991, Fatalism and development: struggle for modernization, Orient Longman.

Blaike, Cameron, Seddon 1980 p.p Blaike, J. Cameron. D. Seddon, Nepal Incrisis, Oxford University.

Caplan 1970/2000, Land and Social change in Nepal, Routledge and kegen paul LTD. London First, Himal Booked KTM, Second.

CBS 2003, National Agricultural Census, KTM, Central Buresu of Statistic Institutes English Richard 1985, Himalayan State formatting and Impact of British Rule in the 19th Century.

Frederick and Gaize 1975. Regionalism and National Unity in Nepal, Vikas Publishing House PVT. LTD.

Regmi Mahesh Chandra: 1971 Study of Nepalese Economic History, New Delhi, Manjusri Publication House.

Shrestha NandaRam 1990 Iandlessness and migration in Nepal, SAN Francisco. Oxford west view press Boulderb.

## प्रश्नहरुको सूची

## परिशिष्ट १

## अन्तरवार्तामा सोधिने प्रश्नहरुको सूची

१. तपाईको पूर्व वासस्थान कहाँ हो ?

२. के कति कारणले बसोबास सार्नु भयो त ?

३. तपाईलाई यस स्थान मनपर्नुको कारण के होला ?

४. तपाई यस स्थानमा सुकुम्बासी भएर बसोबास गरेर कति समय भयो ?

५. के कारणले सुकुम्बासी जीवन बिताउन बाह्य हुनुभयो ?

६. तपाईको आफ्नो वा आफ्नो परिवारको नाममा रहेको जग्गा जमिन के-कति छ ?

७. यहाँको आम्दानीको स्रोत के के छ ?

८. तपाई र परिवारको आम्दानीले खर्च चलाउन पुग्छ वा पुग्दैछ ?

९. तपाईले यस बस्तीमा बँस्दा कस्ता कस्ता समस्याहरु भोग्दै आउनु भएको छ ?

१०. सुकुम्बासी हुनाले तपाईको सामुदायमा महिला तथा बालबालिका माथि के कस्ता असर परेको पाउनु भएको छ ?

११. तपाई नेपाल सरकारले यही बस्तीमा बसोबासको लागि व्यवस्था मिलाई दिओस भन्ने चाहनु हुन्छ की ?

१२. अन्तमा केही भन्नु छ की ?

## परिशिष्ट २

क. व्यक्तिगत विवरण

१. अर्न्तवार्ता दिने व्यक्तिको नामः

| | | |
|---|---|---|
| वडा नं. | टोल : | लिङ्ग : |
| उमेर : | जात/थरः | पेशा : |
| शिक्षा : | भाषा : | धर्म : |
| नागरिकताः | | |

२. पारिवारिक संरचना

| संख्या | परिवारमूली सँगको सम्बन्ध | उमेर | लिङ्ग | शिक्षा | वैवाहिक स्थिति | बसाँइसराइ | पेशा | मासिक आय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३. यस स्थानमा बसोबास गरेको कति वर्ष भयो ?

..................................................

४. तपाई कहाँबाट यस ठाउँमा बस्न आउनु भएको हो ?

..................................................

ख. आर्थिक अवस्था

५. घरबास भएको जमिन आफ्नो हो ?

क. हो ख. होइन

६. आफ्नो जमिन कति छ ?

......................................अर्काको कमाएको कति छ ?

..................................................

७. ऐलानी जग्गा कमाएको छ ?

क. छ ख. छैन ग. कति छ

८. घरव्यवहार चलाउने मुख्य आय स्रोत के होला ?

क. कृषि ख. मजदुरी ग. अन्य

९. घरको आय स्रोतबाट खान लाउन नपुग्दा काम खोज्न कहाँसम्म जानुहुन्छ ?

क. गाउँ छिमेकतिरक ख. जिल्लातिर ग. देशभरि

घ. विदेशतिर ङ् या कुन ठाउँमा

१०. कुन कुन कामबाट कति ज्याला पाउनु हुन्छ ?

| सि.नं | कामको विवरण | दैनिक ज्याला | मासिक ज्याला |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

११. पशुपालनको विवरण

| विवरण | आफ्नो निजी | अधिँयामा पालेको | जम्मा |
|---|---|---|---|
| गाई | | | |
| बाखा | | | |
| हाँस | | | |
| सुङ्गुर | | | |
| भैसी | | | |
| अन्य | | | |

१२. दैनिक परिवारलाई खान लाउन पुग्छ ?

क. पुग्छ ख. पुग्दैन

१३. घरमा विहान बेलुक के के खानुहुन्छ ?

...............................................

१४. ऋृण सापटको सँग लिनुहुन्छ ?

क. बङ्कबाट ख. साहुसँग ग. अन्य

१५. तपाईले आफ्नो छोराछोरीलाई कसै कसैको घरमा काम गर्ने गरी पठाउनु भएको छ ?

क. पठाउँछु ख. पठाउँदिन ग. कतिजना

ग. जनसंख्या र परिवार नियोजन

१६. तपाईलाई परिवार नियोजनबारे थाहा छ ?

क. अस्थायी ख. स्थायी ग. छैन

१७. तपाईको परिवारमा के कसले परिवार नियोजन गराउनु भएको छ ?

क. आमाले ख. बाबाले

घ. स्वास्थ्य शिक्षा विकासको स्थिति

१८. नागरिकता लिदनु भएको छ ?

क. छ ख. छैन

१९. तपाईको गा.वि.स. नजिक स्वास्थ्य चौकि छ ?

क. छ ख. छैन

२०. छोराछोरीलाई खोप लगाउने गरेको छ ?

क. छ ख. छैन

२१. छोराछोरीलाई पाठयशाला पठाउने गरेको छ ?

क. छ ख. छैन

२२. छोराछोरीलाई कुन स्तरको विदालयमा पठाउने गर्नु भएको छ ?

क. सरकारी ख. निजी

२३. खानेपानीको स्रोत छ ?

क. खानेपानी संस्थान ख. रोअरपम ग. ईनार

२४. शौचालय घरमै छ ?

क. छ ख. छैन

ङ. घर स्थिति

२५. यहाँ आएर बस्नुको कारण के थियो ?

...............................................

२६. सुरुमा आएर बस्दा कस्तो घर बनाएर बस्नु भएको थाये ?

...............................................

च. पारिवारसँगको सम्बन्ध

२७. श्रमिान सँगको सम्बन्ध कस्तो छ ?

क. राम्रो ख. नराम्रो

२८. श्रमिानसँग कुनै कुरामा झगडा हुन्छ की हुँदैन ?

क. हुन्छ ख. हुँदैन

२९. हुन्छ भने के कुरामा बढी झगडा गर्नुहुन्छ ?

..............................................

३०. छोरा र छोरी बिच भेदभाव गर्ने गरिएको छ ?

क. छ ख. छैन

३१. कुनै पनि काममा आफै फैसला गर्ने गर्नु गरिएको छ ?

क. गर्छु ख. गर्दिन

३२. हिँसाबाट कस्ताको रुपमा पिडित छन् ?

क. शारीरिक ख. मानसिक